गैरआवासीय नेपाली दिवस एवं
संघको वार्षिक साधारण सभाको

# संक्षिप्त प्रतिवेदन

**"Building the Trust"**

**१० अक्टोबर-१२ अक्टोबर २०२२**

गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाकाल देखि नै ११ अक्टोवरका दिन गैरआवासीय नेपाली दिवस मनाउँदै आएको छ । यो दिवस नेपालका साथै विभिन्न मुलुक स्थापना भएका राष्ट्रिय समन्वय परिषदहरुले विविध कार्यक्रमको आयोजना गरि मनाउँदै आएका छन् ।

यो वर्ष संघले गैरआवासीय नेपाली दिवस एवं संघको वार्षिक साधारण सभा १० अक्टोबरदेखि १२ अक्टोबरसम्म **"Building the Trust"** नाराका साथ सम्पन्न गरेको छ । सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूको प्रमुख आतिथ्यतामा उद्घाटन भएको कार्यक्रम पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा समापन भएको थियो । कार्यक्रममा माननीय गृहमन्त्री बालकृष्ण खाँड लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत विज्ञ, नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरु, नीजि तथा व्यवसायिक संघ-संस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मी लगायत ५० भन्दा बढी देशका प्रतिनिधिहरुको भौतिक र भर्चुअल माध्यमबाट सहभागीता रहेको थियो । यस दिवसका अवसरमा आयोजना भएका कार्यक्रम तथा शत्रहरुमा समावेश भएका मुख्य विषयहरु निम्न अनुसार रहेका छन् ।

> यो वर्ष संघले गैरआवासीय नेपाली दिवस एवं संघको वार्षिक साधारण सभा १० अक्टोबरदेखि १२ अक्टोबरसम्म “**Building the Trust**“ नाराका साथ सम्पन्न गरेको छ । सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूको प्रमुख आतिथ्यतामा उद्घाटन भएको कार्यक्रम पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा समापन भएको थियो । ”



# पहिलो दिन १० अक्टोबर २०२२ सोमवार

## १. झण्डोतोलन कार्यक्रमः

संघका कार्यकारी अध्यक्ष रविना थापा, अध्यक्ष डा. बद्री के.सी. र अध्यक्ष कुल आचार्यले संघको सभा सचिवालयमा संयुक्त रुपमा संघको झण्डोतोलन गर्नु भएको र उक्त समारोहमा संघका पदाधिकारीहरु लगायत विभिन्न मुलुकबाट आउनु भएका प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।



## २. साधारण सभाः

तत् पश्चात विधानमा प्रावधान भए अनुरुप संघको साधारण सभा संघको हलमा सम्पन्न भएको थियो । उक्त साधारण सभाको अध्यक्षता संघका कार्यकारी अध्यक्ष रविना थापा, अध्यक्ष डा. बद्री के.सी. र अध्यक्ष कुल आचार्यले संयुक्त रुपमा गर्नु भएको थियो । यस सभाको संचालन संघका महासचिव डा केशव पौडेलले गर्नु भएको थियो । यस सभामा विभिन्न मुलुकबाट आउनु भएका प्रतिनिधिहरुले भौतिक तथा भौतिक रुपमा सहभागी हुन नसक्नु भएका प्रतिनिधिहरुले अनलाईन मार्फत सहभागीता जनाउनु भएको थियो । उद्घघाटन पश्चात सधारणसभामा निम्न विषयहरु प्रस्तुत भएका थिएः

### आर्थिक प्रतिवेदनः

२०७८/०७९ को आयव्ययको विवरण, सम्पति दायित्वको विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको कोषाध्यक्षको आर्थिक प्रतिवेदन संघका कोषाध्यक्ष त्रय लोक प्रसाद दाहाल, फणिन्द्र पन्त र सुनील साहले संयुक्त रुपमा आर्थिक वर्ष २०७८/०७९ को आय व्ययको विवरण प्रस्तुत गर्नु भएको थियो । आर्थिक ।प्रतिवेदन उपरको छलफलमा साधारणसभाका प्रतिनिधिहरुले सक्रियता पूर्वक सहभागी भई विभिन्न प्रश्न तथा सुझावहरु साधारण सभा समक्ष राखेका थिए । प्रतिनिधिहरुले राखेका प्रश्नहरुको जवाफ कोषाध्यक्ष त्रय र संघको लेखापरिक्षकले उत्तर दिनु भएको थियो । उक्त विषय उपर छलफल गरी अनुसूची- १ मा संलग्न आर्थिक प्रतिवेदन सभाले पारित गरेको छ ।

यसरी नै आर्थिक वर्ष २०७९/८० को संघको लेखापरिक्षण नियुक्तिका सम्बन्धमा विभिन्न लेखा व्यवसायी फर्महरुले संघको सचिवालयमा पेश गरिएका प्रस्ताव साधारण सभा समक्ष छलफलका लागि कोषाध्यक्ष लोक प्रसाद दाहाल, फणिन्द्र पन्त र सुनील साहले पेश गर्नु भएको थियो ।

संघको सचिवालयमा प्राप्त लेखा व्यवसायी फर्महरुको प्रस्ताव मध्येमा जे.एन. उपाध्याय एण्ड कम्पनीलाई कोटेशनको गुणस्तरका आधारमा उपयुक्त भएको हुँदा सोही अनुसार जे.एन. उपाध्याय एण्ड कम्पनीका चार्टर्ड एकाउण्टेण्ट जे.एन उपाध्यायलाई वार्षिक रु १,६५,०००/- (अक्षेरुपी एक लाख पैसठी हजार मत्र) मुल्य अभिबृद्धि कर बाहेक दिने गरी आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय साधारण सभामा उपस्थित प्रतिनिधिहरुबाट गरियो ।












## वार्षिक तथा सांगठनिक प्रतिवेदन:

संघका महासचिव डा. केशव पौडेलले यस कार्यकालको साधारणसभा हुनु भन्दा अगाडी भएका गतिविधिहरु बारे प्रस्तुतीकरण गर्नु भएको थियो । उक्त प्रस्तुतीकरणमा संघको विविध सरोकारका विषयमा नेपाल सरकार तथा सरोकारवालाहरु संग भएका छलफलल अन्तर्राष्ट्रिय समन्वय परिषद र अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयबाट भएका विविध निर्णयहरु, गैरआवासीय नेपाली नागरिकताका सवालमा नेपाल सरकार तथा राजनैतिक दलका नेताहरुसंग भएका छलफल र सोको उपलब्धीहरु, वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन भएका गतिविधिहरु सोको उपलब्धीहरु, कोभिड महामारीका कारण पीडित भएकाहरुको सहयोगको लागि विभिन्न निकायहरुलाई राष्ट्रिय समन्वय परिषदहरुद्वारा सहयोगमा उपलब्ध भएको अक्सिजन कन्सन्ट्रेटर र सर्जिकल मास्कको हस्तान्तरणको विवरणहरु, कोभिड रोकथाममा भएका विविध गतिविधिहरु,  राष्ट्रिय आविष्कार केन्द्रका लागी भएको रकम हस्तान्तरणको विवरण, स्मार्ट एनआरएनए एमआइएस प्रणालीको विकासमा भएको उपलब्धीहरु ९औं राष्ट्रिय खेलकुद प्रतियोगितामा गैरआवासीय नेपाली संघको सहभागीताका लागी भएका विविध कार्यहरु परोपकारी तथा मानवकल्याण हितका लागि भएका कार्यहरु, नेपालको  प्रबर्द्धन, महिला, युवा, लगायत विभिन्न विभन्न विभाग अन्तर्गत रहेका समिति उपसमिति तथा कार्यदलले संचालन  गरेका कार्यहरु एवं संघले हासिल गरेका विभिन्न उपलब्धी सहितको प्रस्तुतीकरण गर्नु भएको थियो । महासचिवको सांगठनिक प्रगती प्रतिवेदन उपर सभामा यथेष्ट छलफल पश्चात सांगठनिक प्रगती प्रतिवेदन पारित गर्नका लागी निर्णायर्थ साधारण साधारण सभामा प्रस्तु हुदा अनुसूची - २ मा संलग्न महासचिवको सांगठनिक प्रतिवेदन सभामा उपस्थित प्रतिनिधिहरुबाट पारित भएको थियो ।






## गैरआवासीय नेपाली संघको विधान २००३ (२०२१ को संशोधन सहित) मा संशोधनः

विधान संशोधन सुझाव समितिबाट गैरआवासीय नेपाली संघको विधान २००३ (२०२१ को संशोधन सहित) को विभिन्न दफाहरुमा संशोधन गर्नका लागि तयार गरिएको विधान संशोधन प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषद् बाट अनुमोदन गरी साधारण सभामा छलफल तथा निर्णय गर्नका लागी प्रस्तावित विधानको विभिन्न दफाहरुको संशोधन प्रस्ताव विधान संशोधन सुझाव समितिका संयोजक डा हेम राज शर्मा र सदस्य सचिव गंगाधर गौंतमले प्रस्तुत गर्नु भएको थियो । उक्त प्रस्ताव उपर साधारण सभाका प्रतिनिधिहरुले विभिन्न प्रश्न, सुझाव तथा जिज्ञासा सभामा राखेका थिए । उक्त विषयहरु उपर छलफल गरी सामान्य संशोधन सहित  तीन महले अनुसार हुने गरी साधारण सभाका प्रतिनिधिहरुबाट विधानका विभिन्न दफाहरु र अनुसूचीमा संशोधन र थप गर्ने निर्णय साधारण सभामा उपस्थित प्रतिनिधिहरुबाट गरिएको थियो । साथै विधानमा गरिएको संशोधन र थप व्यवस्थाहरुको अभिलेख गर्दा परराष्ट्र मन्त्रालयबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थप घट लगायत आवश्यक संशोधन, परिवर्तन वा परिमार्जन गर्नु परेमा सो गर्न अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई अख्तियार प्रदान गर्ने निर्णय सभामा उपस्थित प्रतिनिधिहरुबाट गरिएको थियो ।

## साधारण सभाको विसर्जनः

साधारण सभाका लागी निर्धारित कार्यसूची समाप्त भईसके पश्चात् संघका कार्यकारी अध्यक्ष रविना थापा, अध्यक्ष डा बद्री केसी र अध्यक्ष कुल आचार्यले गैरआवासीय नेपाली संघको हित र नेपालको सम्बृद्धिमा संघ सदै लागी रहने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । उहाँहरुले संघको सचिवालयमा स्वयंम उपस्थिति हुनु भएका र अनलाईन/भर्चुअल माध्यमबाट सहभागी हुनु भएका सम्पूर्ण प्रतिनिधिहरु, वर्तमान र निवर्तमान पदाधिकारीहरु, पूर्व अध्यक्षहरु, पूर्व संरक्षकहरु, पूर्व सल्लाहकारहरु, पूर्व मानार्थ परिषद्का सदस्यहरु र अभियन्ताहरु सबैलाई धन्यवाद दिदै साधारण सभाको औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।






# दोश्रो दिन ११ अक्टोबर २०२२ मंगलवार

### गैरआवासीय नेपाली दिवस र Global Conclave:

यस दिन नेपालका साथै विभिन्न मुलकहरुमा विविध कार्यक्रमहरुको आयोजना गरी गैरआवासीय नेपाली दिवस मनाईएको छ । यस दिन भएका गतिविधिहरु देहाय बमोजिमका रहेका छन् ।

### स्वयम्भू नाथ र पशुपति नाथ मन्दिरमा पुजाआजा:

यस दिन विगतका परम्परा जस्तै बिहान स्वयंम्भू नाथ र पशुपतिनाथमा पुजा अर्चना गरियो । यस कार्यक्रममा संघका पदाधिकारीहरु, अग्रज तथा अभियन्ताहरुका साथै विभिन्न मुलुकबाट आउनु भएका प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।





## Global Conclave

गैरआवासीय नेपाली दिवसको अवसरमा स्वयम्भू नाथ र पशुपति नाथमा पुजा अर्चना पश्चात काठमाडौं स्थित होटेल याक एण्ड यतिमा **Global Conclave** को आयोजना गारिएको थियो । यस वर्षको गैरआवासीय नेपाली दिवस कार्यक्रमको मुख्य नारा "**Building the Trust**" रहेको थियो । यसैमा आधारित भएर विभिन्न शत्रहरुको आयोजना गारिएको थियो ।

### उद्घाटन शत्र :






**सभापति :**
रविना थापा, कार्यकारी अध्यक्ष, गैरआवासीय नेपाली संघ
डा बद्री केसी, अध्यक्ष, गैरआवासीय नेपाली संघ
कुल आचार्य, अध्यक्ष, गैरआवासीय नेपाली संघ

**प्रमुख अतिथि** : सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा
**विशेष अतिथि** : माननीय गृह मन्त्री बालकृष्ण खाँड

**अतिथिगणहरू :**

- भरत राज पौड्याल, सचिव, परराष्ट्र मन्त्रालय
- खिम लाल देवकोटा, पूर्व सांसद
- चन्द्र ढकाल, वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ
- डा उपेन्द्र महतो, संस्थापक अध्यक्ष, गैरआवासीय नेपाली संघ
- जीवा लामिछाने, पुर्व अध्यक्ष, गैरआवासीय नेपाली संघ
- भवन भट्ट , पुर्व अध्यक्ष, गैरआवासीय नेपाली संघ
- भिम उदास, संस्थापक अन्तर्राष्ट्रिय संयोजक, गैरआवासीय नेपाली संघ

**कार्यक्रम संचालक** : श्री सदिक्षा श्रेष्ठ

यस शत्र सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूको प्रमुख आतिथ्यता र संघका कार्यकारी अध्यक्ष रविना थापाको सभापतित्वमा सम्पन्न भएको थियो । प्रधानमन्त्री देउवाले पानसमा बत्ति बालेर कार्यक्रमको समुदघाटन गर्नु भयो । उहाँले आफ्नो मन्तब्यको क्रममा गैरआवासीय नेपालीहरुलाई नागरिकता दिलाउने प्रतिबद्धता जाहेर गर्नु भयो । त्यस्तै गैरआवासीय नेपालीले सहज रुपमा लगानी गर्नसक्ने र लगानीको प्रतिफल उपभोग गर्नसक्ने वातावरण निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भयो । उहाँले गैरआवासीय नेपालीको लगानीलाई मुलुकको विकास र नवनिर्माणमा उपयोग गर्न सरकारले विभिन्न नीतिगत तथा कानुनी सुधार गरी सहजीकरण गर्दै आइरहे को पनि अवगत गराउनु भयो ।

विश्वभर छरिएर रहेका नेपालीको हक, हित र अधिकारको संरक्षण र संबर्द्धनका लागि स्थापित संघ विदेशमा रहेका नेपालीको साझा चौतारी हो । संघले स्थापनाकालदेखि नै विश्वका विभिन्न मुलुकमा विभिन्न पेशा, इलम, व्यवसाय गरेर बसिरहेका नेपालीबीच एकता, सद्भाव र पारस्परिक सहयोग अभिवृद्धिका साथै विदेशमा बसेका नेपालीहरुको पूँजी, प्रविधि र उद्यमशीलतालाई मुलुकको विकास निर्माणमा उपयोग र परिचालन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनु भयो । प्रधानमन्त्री देउवाले नेपालको विकास र समृद्धिको अभियानमा एनआरएनएको सहयोग र सद्भाव निरन्तर जारी रहने कुरामा विश्वास व्यक्त गर्नुभयो। गैरआवासीय नेपाली सधंले विदेशमा नेपाली भाषा, संस्कृति, परम्परा, कलाकृति र साहित्यको प्रचारप्रसार गरी नेपालको मौलिक संस्कृति र सभ्यतालाई विश्वभर फैलाउन सहयोगात्मक भूमिका निभाउँदै आएको छ । यसलाई आगामी दिनमा पनि निरन्तरता दिँदै विदेशी भूमिमा नेपाली संस्कृतिलाई प्रवर्द्धन गर्न सघंले आफ्ना क्रियाकलापलाई सशक्त रुपमा अघि बढाउनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

विश्वभर छरिएर रहेका नेपालीहरूले विदेशमा नेपालको पहिचान र गरिमा बढाउनुका साथै विभिन्न पेसा, व्यवसायमा संलग्न रही सम्बन्धित देशको विकास निर्माणमासमेत योगदान पुर्याएका छन् । उहाँले विदेशमा आर्जन गरेको पूँजी, प्राविधिक तथा व्यवस्थापकीय ज्ञान, सीप र कौशललाई मुलुकको समृद्धिमा सहभागी हुन संस्थामा आवद्ध सबै गैरआवासीय नेपालीलाई अपिल गर्नुभयो ।

संघले २०७२ सालको भूकम्पको बेलामा भूकम्प प्रभावितलाई उद्धार गरी राहत प्रदान गर्नेदेखि भूकम्पबाट घरबास गुमाएकाका लागि आवास गृह निर्माण गर्न समेत योगदान पुर्याएको छ । साथै, संघले कोभिड-१९ को महामारीको बेला गरेको मानवीय सहयोग प्रसंशनीय योग्य रहेको बताउनु भयो ।

प्रधानमन्त्री देउवाले संसारभरि छरिएर रहेका हरेक नेपालीहरू नेपालका गैरआवासीय दूतहरू भएको बताउँदै विदेशमा नेपालको पहिचान दिलाउन र विदेशी लगानीकर्तालाई नेपालमा लगानी गर्न उत्प्रेरित गर्न महत्वपूर्ण भूमिका खेल्न आग्रह गर्नु भयो । गैरआवासीय नेपाली समुदायले विदेशमा नेपालमा उत्पादित वस्तुको उपभोगलाई प्राथमिकता दिनसके यसबाट स्वदेशी उत्पादनको निकासी प्रवर्द्धन गर्न सहयोग पुग्ने र यसबाट नेपाली श्रम, सीप र कच्चापदार्थमा आधारित साना तथा मझौला उद्योगधन्दाको संरक्षणमा समेत टेवा पुग्ने बताउनु भयो । गैरआवासीय नेपालीले आफूले विदेशमा आर्जन गरेको आयलाई नेपालमा विभिन्न उत्पादनमूलक क्षेत्रमा लगानी गर्न जोड दिनुका साथै सम्बन्धित देशमा रहेका नेपाली राजदूतावाससँग समन्वय र सहकार्य गरी विदेशी लगानीकर्ताको पूँजी र प्रविधिलाई नेपालमा भित्र्याउनसमेत अग्रसरता लिन आवश्यक छ, उहाँले भन्नु भयो । उहाँले यस आर्थिक वर्षको बजेट वक्तव्यमा नेपाल सरकारले विदेशी लगानीको न्यूनतम् सीमा रु पाँच करोडबाट घटाएर रु दुई करोड कायम गरेको पनि जानकारी गराउनु भयो ।

अन्त्यमा उहाँले मुलुकको समृद्धिको लागि नेपाल सरकार सदैव यहाँहरुको साथमा रहने कुरा बताउँदै यस कार्यक्रममा आमन्त्रण गरेकोमा हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।

माननीय गृहमन्त्री बालकृष्ण खाँडले गैरआवासीय नेपालीलाई नागरिकता प्राप्त गर्ने अधिकार बाट बंचित नगराईने जानकारी गराउँदै निकट भविष्यमा नै संविधानमा उल्लेख गरिएको नागरिकताको प्रावधान अनुसार कानुन बनाई नागरिकता उपलब्ध गराउने जानकारी गराउनु भयो । यसै समयमा उहाँलाई मिलापको सोभिनियर प्रदान गरिएको थियो ।

नेकपा माओवादी केन्द्रका नेता तथा पूर्व सांसद खिम लाल देवकोटाले संघले नागरिकता लगायत नेपालको समृद्धीका लागि उठान गरेका विषयहरुमा सहयोग गर्दै आएको र नेपालको समृद्धिमा पार्टीको सदैव सहयोग हुने बताउनु भयो ।

परराष्ट्र सचिव भरत राज पौडेलले आजको दिन भनेको संघको अभियानलाई संझिने दिन हो बताउदै स्थापना गर्ने सबै अग्रजहरुलाई बधाई ज्ञापन गर्नु भयो । नेपाल सरकारले गैरआवासीय नेपाली सम्बन्धी कानुन ल्याएर नेपालमा दर्ता गरी संघलाई विशेष महत्व दिएको जानकारी गराउनु भयो । नेपाल सरकारले वार्षिक रुपमा प्रस्तुत गर्ने आफ्नो नीति तथा कार्यक्रममा संघले उठाएका सान्दर्भिक विषयहरुलाई संबोधन गरी उच्च महत्व दिएको पनि बताउनु भयो । उहाँले विदेशमा रहेका नेपालीहरुले नेपालको पहिचान प्रभुत्व गरेको र विदेशी राष्ट्रले पनि नेपाली समुदायले गरेका गतिविधिहरुको प्रशंसा गरेको समेत बताउनु भयो । साथै उहाँ नेपालको विदेशमा रहेका नेपालीहरुलाई समस्या परेको बेलामा विदेशमा रहेका नियोगहरु मार्फत सहयोगका गरिरहेको र नेपालमा अत्याधिक मात्रामा लगानी भित्र्याउनको लागि सरोकारका नियकायहरु संग समन्वय गरि सहयोग गरिरहेको बताउनु भयो ।

नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालको समृद्धीमा सहयोग गर्नको लागि नेपाल उद्योग वाणिज्य महासंघले गरेका क्रियाकलापहरु बारे जानकारी गराउनु भएको थियो । साथै उहाँले गैरआवासीय नेपालीहरुले नेपालका विविध क्षेत्रमा नीजी क्षेत्रसंग सहकार्य गरिरहेको बताउँदै अझ यसमा सहकार्य

गर्नु पर्ने बताउनु भयो । साथै उहाँले नेपालमा गैरआवासीय नेपालीहरुको लगानी भित्र्याउनको लागि सहजीकरण गरिरहेको बताउनु भएको थियो ।

यसरी नै संघका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले यस दिवसका अवरमा सबैलाई बधाई तथा शुभकामना व्यक्त गर्दै व्यक्तिगत सफलता भन्दा मुलुकलाई समृद्धि बनाउन इमान्दारीका साथ आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गर्नु भयो । उहाँले नेपाल समृद्ध भए सबै जसो विषयहरुको संबोधन हुने पनि जानकारी गराउनु भयो ।

पूर्व अध्यक्ष भवन भट्ट ले संघको संजाल प्रयोग गरी कार्यक्रमहरु ल्याउन आग्रह गर्नुका साथै नीजि क्षेत्र तथा विदेशमा रहेका नियोगहरु संग समन्वय गरी कार्यक्रम संचाल गरेमा यसले नेपालको समृद्धिमा थप टेवा पुग्ने बताउनु भयो ।

पूर्व अध्यक्ष जीवा लामीछानेले सुरुको अभियान बारे जानकारी गराउँदै विदेशमा बसे पनि नेपालीहरुको मन स्वदेशमै रहने बताउनु भयो । हामीले उठाएका धेरैजसो मुद्दाहरु नेपाल सरकारले संबोधन गरेकोमा नेपाल सरकार प्रति हार्दिक आभार प्रकट गर्नु भयो । साथै उहाँले सबै पक्षलाई समेटर संघमा आबद्ध गराउन वर्तमान कार्यसमितिलाई अनुरोध गर्दै हाल विधानमा रहेका अप्ठ्यारा पक्षहरुलाई सहज बनाई निर्वाचन प्रणालीलाई व्यवस्थित तथा सरल गर्न आग्रह गर्नु भयो ।

अन्तर्राष्ट्रिय संयोजक भिम उदासले विदेशमा नेपाली समुदायको संजाल बलियो रहेको र उनीहरुले गरेका गतिविधिहरु बारे जानकारी गराउँदै नेपालको पर्यटन प्रबर्धन गर्न विदेशी संघ सस्थाहरुसंग सहकार्य गर्न आवश्यकता रहेको बताउनु भयो ।

अध्यक्ष डा बद्री केसीले यस दिवसरको अवसरमा सम्पर्ण गैरआवासीय नेपालीहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्दै अभियान बारे प्रकाश पार्नु भयो । उहाँले विगत २० वर्षको यात्रामा विभिन्न मुलुमा बसेर नेपालीहरुले व्यवसाय गरिरहेको जानकारी दिनुका साथै विदेशमा जति आयआर्जन गरेता पनि अथवा ख्याती कमाएता पनि मुलुक समृद्धि नभएसम्मा हाम्रो पहिचान स्थापित नहुने बताउनु भयो । गैरआवासीय नेपालीहरु नेपालको सामाजिक तथा आर्थिक पाटामा जोडिरहेको जानकारी गराउनु भयो । गैरआवासीय नेपालीहरुले नेपालमा दैवी तथा प्राकृतिक प्रकोप भएको बेला सुरुमा नै सहयोग गरी मलहम लगाउने काम गरेको बताउँदै कोभिडको समयमा विदेशमा समस्या परेका नेपालीहरुलाई राहत तथा उद्दारको कार्य गरेको र नेपालमा स्वास्थ्य सुरक्षा सम्बन्धी सामाग्रीहरु वितरण गरी सहयोग गरेको बताउनु भयो । गैरआवासीय नेपाली नागरिकतालाई छुट्टै अध्यादेश मार्फत संबोधन गर्न र अर्को निर्वाचनदेखि विदेशमा रहेका नेपालीहरुलाई त्यहीबाट नै मतदानको व्यवस्था गर्नको लागि अनुरोध गर्नु भयो । यसैगरी उहाँले गैरआवासीय नेपालीहरुलाई नेपाली सरह लगानी गर्ने व्यवस्थाको लागि सहजीकरण गरिदनहुनको लागि आग्रह गर्नु भयो । उहाँले विदेशमा गएका नेपाली श्रमिकहरुले रेमिट्यान्सको माध्यमबाट नेपालको आर्थिक विकासमा टेवा गरिरहेको तर विदेशमा गई मृत्यु तथा अंगभंग भएका श्रमिकहरुका परिवार लाई जति सहयोग गर्नु पर्ने हो त्यो गर्न नसकीरहेको अवस्थामा उनीहरुलाई लक्षित गरेर योगदानको आधारमा सामजिक सुरक्षाकोषको अवधारण ल्याइसकेको र त्यसलाई जति सक्दो चाडो कार्यान्वयनमा ल्याउन नेपाल सर कार समक्ष अनुरोध गर्नु भयो । साथै उहाँले संघको एकतालाई अझ मजुबुत बनाउन सबै पक्ष संग आग्रह गर्नु भयो । अन्यत्यमा उहाँले अति व्यस्ताका बाबुजुद हाम्रो निमन्त्रणा स्वीकार गरी कार्यक्रममा सहभागीता जनाई दिनु भएकोमा सम्मानननीय प्रधानमन्त्रीज्यू र माननीय गृहमन्त्रीज्यू प्रति आभार प्रकट गर्नु भयो ।

अध्यक्ष कुल आचार्यले गैरआवासीय नेपाली संघको अभियान बारे जानकारि दिदै स्थापनाकाल देखी उठाउदै आएको गैरआवासीय नेपाली नागरिकताको विषयलाई कानुन बनाएर चाडै नै सम्बोधन गर्न आग्रह गर्नु भयो । यसरी नै उहाँले वैदेशिक रोजगारमा विद्यमान रहेका समस्याहरुलाई संबोधन गर्नको लागि अनुरोध गर्नुका साथै योगदानमा आधारीत सामाजिक सुरक्षा कोषलाई चाडै नै कार्यान्वयमा ल्याउनको लागि नेपाल सरकार समक्ष आग्रह गर्नु भयो । यसरी नै लगानीको विषयमा प्रकाश पार्दै गैरआवासीय नेपालीहरुलाई नेपाली सरह लगानी गर्नको लागि आवश्यक बातावरण मिलाई सहजीकरण गरिदिन आग्रह गर्नु भयो ।साथै उहाँले गैरआवासीय नेपालीहरुले नेपालमा प्राकृतिक तथा दैवी प्रकोप तथा कोभिड लगायत नेपालका विभिन्न क्षेत्रमा परोपकारी कार्यहरु गरी सहयोग गरिरहेको बताउनु भयो । नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रममा संघका कतिपय विषयहरुलाई संबोधन गरेको र नेपालमा डलरखाता सहुलियत दरमा खोल्न सहजिकरण गरिदिएकोमा हार्दिक आभार प्रकट गर्नु भयो ।

यसका साथै उहाँले गैरआवासीय नेपालीहरुको मतदान गर्ने अधिकारको व्यवस्था गर्न नेपाल सरकारलाई आग्रह गर्नु भयो । साथै उहाँहरुले विदेशमा रहेर कागजी रुपमा पहिचान नभएका गैरआवासीय नेपालीहरुलाई आबद्ध गराउनको लागि उनीहरुलाई गैरआवासीय नेपाली परिचय पत्र प्रदान गर्नको लागि माग गर्नु भयो । साथै उहाँहरुले विदेशमा रहेका नेपालीहरुलाई विद्यार्थी भिसाको प्रावधान गरिदिन हुनको लागि पनि अनुरोध गर्नुभयो । अन्त्यमा उहाँहरुले अति व्वस्ताका बाबजुत हाम्रो निमन्त्रणा दिएर प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा सम्मानीय प्रधानमन्त्रीज्यू प्रति हार्दिक आभार प्रकट गर्नु भयो ।



# पहिलो शत्रः आर्थिक लगानीको वातावरण र नेपालको रुपान्तरण

**सभापति :**

- डा. बद्री केसी, अध्यक्ष, गैरआवासीय नेपाली संघ

**अतिथि तथा वक्ताहरू :**

- मधुकुमार मरासिनी, सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यलय
- रामेश्वर दंगाल, राजश्व सचिव, अर्थ मन्त्रालय
- डा तोयानारायण ज्ञवाली, सचिव, उद्योग बाणिज्य तथा आपुर्ती मन्त्रालय
- चन्द्र प्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ
- अनिल उपाध्यय, अध्यक्ष, नेपाल बैंकर्स एशोसिएशन
- आरके शर्मा, उपाध्यक्ष, एनआरएनए
- महेश श्रेष्ठ, उपाध्यक्ष, एनआरएनए

**कार्यक्रम संचालक :**

अनलराज भट्टराई : विषयविज्ञ



## कार्यक्रमको सार :

गैरआवासीय नेपाली संघले गैरआवासीय नेपाली दिवस एवं गैरआवासीय नेपाली दिवसको अवसर पारेर गत अक्टोबर ११ गते "नेपालमा आर्थिक लगानी र रुपान्तरण" विषयक कार्यशाला सम्पन्न गरेको छ । नेपालमा विदेशी लगानी भित्र्याउन कतिको सहजता छ, के-कस्ता समस्या छन् र बढी भन्दा बढी वैदेशिक लगानी भित्र्याउन के गर्न सकिन्छ भन्ने विषयमा यो शत्रमा छलफल भएको थियो । एनआरएनहरुको लगानी केहि हदसम्म माटोको मायासंग जोडिएकोले भावानात्मक सम्बन्धलाई उपयोग गर्न आवश्यक रहेको औल्याइएको छ ।

यो शत्रमा बोल्ने अधिकांश बक्ताहरुले कोभिड-१९, रुस युक्रेन युद्धका कारण सिर्जित मूल्यवृद्धि तथा पेट्रोलियम पदार्थमा आएको मूल्यवृद्धिका कारण तरलता अभाव रहेको र यसको समाधानका लागि विदेशी मुद्रा भित्र्याउनुको विकल्प नरहेको निश्कर्षसहित विदेशी लगानी तथा गैरआवासीय नेपालीको लगानीमा जोड दिएका थिए । गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउन सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चनलाई संशोधन गर्नु आवश्यक रहेको बताइएको छ । नेपालमा लगानी भित्र्याउनका साथै, स्वदेशमै रोजगारी सिर्जना, उद्यमशिलता तथा पूर्वाधार विकास र नेपालीहरूको जीवनस्तर उकास्न सहयोग हुने गरी समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीहरुको लगानी प्रोत्साहित गर्न सरकारलाई एनआरएनएले माग गरेको छ ।

यस क्रममा **NRNA ACT 2066 / Foreign Investment and Technology Transfer ACT 2019 -2075** बीचमा केहि असमानता रहँदा विशेषगरी गैरआवासीय नेपालीको लगानी र वैदेशिक लगानी भित्र्याउने विषयमा समस्या उत्पन्न भएको आवाज उठेको थियो । विशेषगरी **FIFTA ACT** ले गैरआवासीय नेपालीको लगानी र वैदेशिक लगानीलाई एउटै परिभाषामा राखेको भन्दै यसलाई फरक फरक परिभाषित गर्न माग गरिएको छ । यता गैरआवासीय नेपालीको लगानी र विदेशी लगानीलाई फरक परिभाषित गरेर ऐन संशोधन गर्न सरकार तयार रहेको र अन्य केहि व्यवधान भए छलफल गरेर अघि बढ्न सकिने सम्वन्धित मन्त्रालयका अधिकारीहरुले प्रतिवद्धता जनाएका छन् ।

## कार्यक्रममा कस्ले के भने ?

### स्वदेशमा लगानीसगै प्रतिफलको अवसर अधिक

**▪ चन्द्रप्रसाद ढकाल, बरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

गैरआवासीय नेपालीहरुले विदेशमा काम मात्र गर्नुभएको छैन त्यहाँ लगानी गरेर व्यवसाय पनि गरिरहनुभएको छ । उहाँले विदेशको सीप, ज्ञान र पूजी स्वदेशमा लगानी गर्ने हो भने धेरै काम गर्न सकिन्छ र स्वदेशमा लगानी र प्रतिफल कमाउनका लागि धेरै अवसर छ बारे आफ्नो भनाई राख्नु भयो ।

गैरआवासीय नेपाली संग मिलेर २७ मेघावाटको हाइड्रो प्रोजेक्ट सुरु गरेका थियौ त्यसको बति बलिसकेको छ । चन्द्रागिरी केवलकार पनि एनआरएन साथीहरुसंग मिलेर नै सुरुवात गरिएको हो । त्यो पनि अहिले नेपालको वन अफ द बेस्ट डेस्टिनेशनको रुपमा आइसकेको छ । यसले उत्साह दिएको कारणबाट अहिले हामीले सातैवटा प्रदेशमा चन्द्रागिरी केवलकारहरु जस्तो प्रोजेक्टहरु किन नबनाउने अथवा एनआरएनसंग मिलेर दोर्दी हाईड्रोपावर जुन बनाईएको थियो त्यो जस्तो ठूलो प्रोजेक्टहरु किन नबनाउने भन्ने हिसाबमा काम गरिरहेका छौ ।

म एनआरएन साथीहरुलाई के भन्न चाहान्छु भने १० अर्बको फण्ड बाहेक पनि नेपालको निजि क्षेत्रसंग सहकार्य गरी धेरै प्रोजेक्टहरु गैरआवासीय नेपालीले विकास गरिसकेको अवस्था छ । यहाँहरु जुन देशबाट आउनुभएको छ त्यो देशको लगानीलाई अगाडि बढाउन भनेर आग्रह पनि गर्न चाहान्छु ।

नेपालमा लगानी गर्ने वातावरण नै छैन भनेर हामीहरु बाहिर जाँदा धेरै सुन्ने गरेकोले मैले नेपालमा पनि वातावरण छ भन्नका लागि अहिले काम गरिरहेको छु । सबै गैरआवासीय नेपालीहरुले लगानी स्वदेशमा ल्याउनु होस् प्रतिफल दिने जिम्मा नीजि क्षेत्रले लिनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्ने भयो ।

## देशमा पैसा मात्र होइन ज्ञान,सीप र टेक्नोलोजी पनि चाहिएको छ

▪ मधु मरासिनी, सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

नेपालमा प्रयाप्त लगानीको अभाव छ । विशेषगरी नीजि क्षेत्रको लगानी जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । त्यो खाँचो पूर्ति गर्नलाई गैरआवासीय नेपालीहरुको लगानी आवश्यक छ । गैरआवासीय नेपालीले लगानी गर्ने हो भने धेरै अवसरहरु स्वदेशमा रहेको जानकारी गराउँदछु ।

अहिले साउथ एशियामा आउने एफडिआईमा भारतले मात्रै ९१.८ प्रतिशत लगिरहेको छ । ३.८ प्रतिशत चाहि बंगालादेशले लानेरैछ । नेपालको ०.१८ प्रतिशत मात्रै छ एफडिआई । त्यसैले नेपालमा लगानीको वातावरण सुधार नगरिकन लगानी नआउने रैछ भन्ने देखियो । सरकारले लगानीको वातावरण बनाउनका लागि प्रयास नगरेको भन्ने होइन । सुधार को प्रयास भइरहेको छ । अहिले भर्खरै सरकारले एनआरएन नेपाल इन्भेष्टमेन्ट फण्डलाई लगभग कार्यान्वयनको स्वीकृतीको चरणमा पुऱ्याएको छ । अब धेरै समस्या पक्कै आउने छैन । सरकारले ८ वटा मुद्रामा डलर एकाउन्ट खोल्ने स्वीकृति दिएको छ । नेपाली भएको प्रमाण मात्र भएमा पनि स्वीकृति हुने व्यवस्था मिलाएका छौं । अहिले जत्तिपनि आईपियो जारी हुन्छ त्यसमा १० प्रतिशत एनआरएनलाई पनि राखेको छ । विभिन्न प्रयासहरु भइरहेको छ । त्यो प्रयास ठिक छ कि छैन आफ्नै ठाउँमा होला ।

सरकारले लगानीका लागि धेरै अवसरहरु सृजना गरेको छ तर एनआरएनहरुबाट खोइत पैसा आएको ? डलर खाता खोल्ने अवसर दियौ तर खोइत त खाता खोलेको ? सरकारलाई गालि गर्ने मात्र होइन, आफ्नो जिम्मेवारी पनि पुरा गर्नुपर्छ होला । नेपालले एनआरएनबाट पैसा मात्रै होइन इकोनोमि ट्रान्सफर्मेसनलाई स्किल पनि खोजेको छ । टेक्नोलो जी पनि चाहिन्छ । बाहिर सिकेको ज्ञान, क्षमता र दक्षता पनि नेपालमा आओस भन्ने कुरा हो ।

## लगानीको अवसर नेपालमा धेरै छ

▪ रामेश्वर दंगाल, राजस्व सचिव, अर्थमन्त्रालय

संसारका कुनै पनि देशका लागि लगानीका अवसर तथा संभावनाहरु हुन्छन् । अझ हाम्रो देशमा मुलुकको आर्थिक वृद्धिका लागि लगानी गर्ने सम्भाव्य क्षेत्रहरु पर्याप्त छन् र लगानीयोग्य पूँजीको अभाव हामीले बेहोरिरहेका छौ र अहिले को वर्तमान अवस्थाको मुलुकको अर्थतन्त्रको परिसूचकहरुलाई हेर्ने हो भने हामीलाई पर्याप्त मात्रामा लगानी योग्य र कमको अभाव भएको अवस्था छ र धेरै लगानी गर्ने अवसरहरु नेपालमा छ ।

हामी विश्वभर छरिएर रहेका नेपाली दाजुभाई तथा दिदिबहिनीहरुले थोरैथोरै रकमबाट भएपनि नेपालमा एकजुट भएर सम्भावनाको खोजी गर्ने क्रममा गैरआवासीय नेपाली फण्डको परिकल्पना गरियो र यसलाई मूर्तरुप पनि दिईसकिएको छ । नेपालमा लगानीयोग्य रकम जुटाउने सन्दर्भमा र मुलुकको आर्थिक वृद्धिमा एनआरएनको आर्थिक योगदान महत्वपूर्ण छ ।

## नेपाल सरकारले धेरै काम गरिरहेको छ

**▪ तोयनारायण ज्ञवाली, सचिव, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय**

नेपालमा इन्भेष्टमेन्ट तथा एफडिआईको रेसियोलाई हेर्ने हो भने अवस्था अलि धेरै काम गर्नुपर्ने देखिन्छ । नेपाल डब्लुटिओसंग जाँदा कम्बोडियासंग संगै गएको हो । त्यसबेला देखि अहिलेसम्म कम्बोडिया धेरै अगाडि बढेको छ । कम्बोडियाको जिडिपि र एफडिआईको रेसियो हेर्‍यो भने अराउन्ड १५ प्रतिशत छ । तर नेपाल अहिले ०.४ प्रतिशतमा छ । यसको मतलब केहो भने हामीसंग ठूलो अवसर छ हामी यसलाई बढाउन सक्छौ । यो अवस्था हेर्दा इन्भेष्टमेन्टबिना केही संभव छैन । प्रडक्सन प्रडक्टिभीटी, एक्सपोर्ट लगायत बढाउन तथा नेपालको एफडिआई र जिडिपी बढाउन धेरै काम गर्नुपर्ने देखिन्छ । यसमा नेपाल सरकारले धेरै काम गरिरहेको छ ।

## लगानीका लागि नेपाल दक्षिण एशियामा दोश्रो राम्रो देश

**▪ अनिल उपाध्यय, अध्यक्ष नेपाल बैंकर्स एशोसियसन**

२००० देखि २०२२ सम्म भारतले जति एफडिआईबाट पैसा ल्याएको थियो भने सुरुवातमा नेपालको पनि राम्रो थियो । नेपालमा अहिले विभिन्न नीति नियमहरुले गाइड गरिरहेको छ । एनआरएनहरुले पनि लगानीको वातावरण खोजिरहेका छन् । अहिले नेपाल फेबुरेबल विजनेश क्लाइमेटमा साउथ एशियामा दोस्रो छ । हामीले यो कुरालाई बोल्नुपर्छ र यो कुरालाई बताउनुपर्छ । यसले गर्दा एनआरएनए मात्रै होइन अरु पनि इन्भेष्टमेन्ट गर्ने ग्रुपहरुलाई हामी ल्याउन सक्छौ । कानुनी फ्रेमवर्कमा हामी धेरै नजिक छौ ।

नेपालको आईपिओको फर्म्याट हेर्ने हो भने त्यसले हामीलाई राम्रो स्पेस दिएको छ । लङ्ट्र्म रिसोर्सेजमा हामीले गर्ने भनेको विभिन्न मुलुकहरुमा रहेका स्रोतहरुलाई नेपालको सेलेक्टेड प्रोजेक्टहरुको बारेमा बहस गर्दै गयो भने भित्र छिर्ने वातावरण बन्दै जान्छ ।

## लगानीका लागि नीति नियम नै बाधक छन्

**▪ महेश श्रेष्ठ, उपाध्यक्ष, एनआरएनए**

नेपालमा वैदेशिक लगानी एकदमै न्युन छ अर्थात एक प्रतिशतभन्दा कम छ । २०२१ जुन सम्ममा नेपालमा वैदेशिक लगानी २ खर्ब २७ अरब आएको देखिन्छ । अहिले वैदेशिक लगानीको अध्ययनको आवश्यकता छ । वैदेशिक लगानीबाट नेपालबाट रिपार्टेसन गरेर कति पैसा विदेश लैजान्छन् भन्ने कुरा पनि अहिले एनआरएनको इन्भेष्टमेन्ट र एफडिआईको इन्भेष्टमेन्टमा के फरक छ भने बुझ्न जरुरी छ ।

अहिले विशेष गरेर डलर एकाउन्टमा डलर आएन अथवा राष्ट्र बैंकले वैदेशिक रोजगार वचतपत्र जारी गरेको छ त्यसमा बन्डहरु आएन भन्ने जुन किसिमको कुरा आएको छ त्यो नआउनुको कारण के हो । साथै अहिले जापानबाट डलर एकाउन्टमा नआउनुको निश्चित कारणहरु छन् । हामी गैरआवासीय नेपाली भएको हुनाले सरकारले आशा गरेजति नआएको हुनसक्छ, त्यसमा सरकारका नीति नियम नै बाधक छन् । तर यो कालान्तरमा गैरआवासीय नेपालीहरुको नेपालको विकासमा ठूलै भूमिका रहन सक्छ । त्यसका लागि सरकारले सहज वातावरण बनाउनु पर्छ ।



## रेमिट्यान्स सदुपयोग गरौं

**आरके शर्मा, उपाध्यक्ष, एनआरएनए**

नेपालमा वैदेशिक रोजगारमा गएका नेपालीहरुबाट वार्षिक १० खर्ब रेमिट्यान्स आउँछ, त्यसमा ६५ प्रतिशत न्युन आय भएका नेपालीले पठाएका छन् । तर उनीहरुले पठाएको ७० प्रतिशत रेमिट्यान्स अनुत्पादकमूलक क्षेत्रमा खर्च हुन्छ । २०२१/२०२२ मा झन्डै १० खर्ब रेमिट्यान्स भित्रायौ । र नेपालको जिडिपी ४२ खर्ब छ । त्यसको ५० प्रतिशत त आयात मात्रै गऱ्यौ । मध्यपूर्व बस्ने नेपालीले जुन पैसा पठाउनुभएको छ यसले नेपालकोअर्थतन्त्रमा ठूलो सहयोग गरेको तर १० देखि १५ वर्षपछि खाली हात नेपाल फर्कदै गर्दा औषधि उपचार कसले गर्दिने थाहा छैन ।

गत ५ वर्षको रेसियो हेर्ने हो भने रेमिट्यान्सले ५० देखि ६५ प्रतिशत सम्म धानेको छ । त्यो आएको पैसा अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ । त्यसलाई न्युनिकरण गर्नको लागि कमसेकम रेमिट्यान्सको १० प्रतिशत कट्टा गरेर छुट्टै जम्मा गर्ने हो भने वार्षिक केहि नभएपनि ९० देखि १०० अर्बको फण्ड बन्ने छ र ठूला ठूला प्रोजेक्ट बनाएर लगानी स्थापना हुन्छ ।

सधैं हामीहरुले विदेशी बैंकबाट वा रेमिट्यान्सबाट मात्र पैसा ल्याएर खर्च गर्नुभन्दा हाम्रो सानो रकम भएपनि १० खर्बको दश प्रतिशत मात्र छुट्यायो भने पनि विकास बजेटको २५ प्रतिशतभन्दा धेरै हुन्छ । यतातिर पनि ध्यान दिने हो कि ?

## लगानीका लागि अनावश्यक शर्त राख्न हुदैन

**▪ डा. बद्री केसी, अध्यक्ष, एनआरएनए एवं सत्रका सभापति**

एनआरएन डेभ्लोपमेन्ट फण्डको अवधारणा संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले सन् २००५ मा ल्याउनुभएको हो । त्यो अवधारणालाई १५ वर्षपछि कार्यान्वयनमा जाँदाखेरी डेढ वर्ष भईसक्यो, अझै त्यही नै ठाउँमा छौं । डेढ वर्षअघि नै २/३ महिनामा काम होला भन्ने अपेक्षा थियो । मध्यपूर्व तथा युरोप अमेरिकामा गएर १० अर्बको परिकल्पना गरेका थियौं । एकैचोटी ५० अर्ब देखि १ खर्ब निकाल्न सक्छौं भनेर हामी एक डेढ बर्षदेखि एकै ठाउँमा छौं । एफडिआई अनि फिटालाई केहि सहज बनाउनु पर्छ । विदेशीले १०० रुपैया लगानी गऱ्यो भने १२ सय रुपैयाँसम्म नाफा लिएर जान्छ । नेपालीले लगानी गऱ्यो भने एक पैसा पनि फिर्ता लिएर जाँदैन । गैरआवासीय नेपालीहरुलाई विश्वास मात्रै दिलाउनु पर्ने हो, तपाईहरुले ल्याएको पैसा फिर्ता लान सक्नुहुन्छ भनेर त्यो विश्वास भएपछि ९९ प्रतिशतले पैसा फिर्ता लिएर जाादैनन् । गैरआवासीय नेपालीहरुलाई फिटामा नेपाली सरह एक पैसा पनि नलिई केहि सीमा नराखिकन अगाडि बढाइदिन अनुरोध गर्दै आफ्नो मन्तव्य पछि यस शत्रको समापन भएको घोषणा गर्नु भयो ।

### निष्कर्ष :

- स्वदेशमा गैरआवासीय नेपालीको लगानी अभिवृद्धि गर्न "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन" **(FITA)** तथा त्यस सम्बन्धि नियमावली तथा आदेशमा तत्काल संशोधन गर्नुपर्ने निष्कर्ष छलफलबाट निस्किएको छ ।
- धितोपत्र ऐन तथा नियमावलीमा संशोधन गरी धितोपत्रको दोस्रो चरणमा गैरआवासीय नेपालीहरूलाई खुला गर्न कानुनी व्यवस्था मिलाउन नेपाल सरकार तथा सरोकारवालालाई अनुरोध गर्ने निष्कर्ष निकालेको छ ।
- गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउन सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चनलाई संशोधन गर्न अनुरोध गरेको छ । स्वदेशमै रोजगारी सिर्जना, उद्यमशिलता तथा पूर्वाधार विकास र नेपालीहरूको जीवनस्तर उकास्न सहयोग हुने गरी समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीहरुको लगानी प्रोत्साहित गर्नु पर्ने आवाज निस्किएको छ ।

# दोश्रो शत्र: गैरआवासीय नेपाली नागरिकता, गोर्खाहरूको अधिकार गैरआवासीय नेपाली परिचयपत्र र मतदान अधिकार

**सभापति** : कुल आचार्य, अध्यक्ष, गैरआवासीय नेपाली संघ

**अतिथि तथा वक्ताहरु**

- राधेश्याम अधिकारी, नेपाली कांग्रेस नेता तथा संविधान सभा सदस्य
- डा राजन भराई, नेता, नेकपा एमाले
- खिमलाल देवकोटा, नेता, नेकपा माओवादी केन्द्र तथा संविधानसभा सदस्य
- डा हेम राज शर्मा, उपाध्यक्ष, गैरआवासीय नेपाली संघ
- नरेन्द्र भाट, उपाध्यक्ष, गैरआवासीय नेपाली संघ
- जय प्रकाश गुरुङ, उपाध्यक्ष, गैरआवासीय नेपाली संघ
- भविन्द्र बस्नेत, अध्यक्ष एनसिसि थाईल्याण्ड

**कार्यक्रम संचालक** : नारयण काफ्ले, उपमहासचिव, गैरआवासीय नेपाली संघ

**कार्यक्रम संयोजन** : सरोज दाहाल परामर्शदाता, गैरआवासीय नेपाली संघ

गैरआवासीय नेपाली नागरिकता, गोर्खाहरुको अधिकार गैरआवासीय नेपाली परिचयपत्र र मतदान अधिकार विषयमा वक्ताहरुले आआफ्नो मन्तब्य राखेका थिए । उहाँहरुले गैरआवासी नेपालीहरुलाई अविलम्ब नागरिकता उपलब्ध गराउन माग गर्नुका साथै विदेशमा नेपाली भएर पनि पहिचान नभएका नेपालीहरुलाई गैरआवासीय नेपाली सरहको अधिकार सहितको परिचय पत्र उपलब्ध गराउन अनुरोध गरिएको थियो । यसरी नै प्रावसबाट नै मतदान गर्न पाउने अधिकार, गोर्खाहरुको हकअधिकारी बारेमा छलफल भएको थियो ।

यसको प्रतिउत्तरमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका प्रतिनिधहरुले गैरआवासीय नेपालीहरुलाई नागरिकता दिलाउनेमा उहाँहरुको सक्दो सहयोग रहनेछ र यसको लागि उहाहरुको दलले पहल गरिरहेको जानकारी गराउनु भयो । यसका साथै उहाँहरुले गैरआवासीय नेपाली परिचयपत्र, मतदान अधिकार र गोर्खाहरुको अधिकार विषयमा आवश्यक कार्यहरु भईरहेको बताउनु भएको थियो ।

शत्रमा आफ्नो धारणा राख्ने सम्बन्धित बक्ताहरुले गैरआवासीय नेपाली नागाकिकता संविधानमा भएको व्यवस्था भएकोले यो गैरआवासीय नेपालीहरुको संबैधानिक अधिकार भएकोले सरकारले कानून बनाएर तत्काल प्रदान गर्नुपर्नेमा जोड दिएका थिए ।

शत्रको सुरुमा बिषय प्रवेश गर्दै संघका उपाध्यक्ष डा.हेमराज शर्माले गैरआवासीय नेपालीहरु कति प्रकारका छन् र उनीहरुको सरोकार के के हो भनेर प्रस्तुती गर्नूभएको थियो । उहाँले अहिले संविधानमा भएको ब्यवस्था र गैरआवासीय नेपाली ऐनले बढीमा दुई प्रकारका गैरआवासीय नेपालीको मागलाई सम्बोधन गर्ने भए पनि अन्य गैरआवासीय नेपालीको समस्यालाई कानूनले कहि पनि नछुने बताउनु भयो ।

अर्का वक्ता एनसिसि थाइल्याण्डका अध्यक्ष भविन्द्र बस्नेतले थाईल्याण्ड, मलेसिया, फिजी, म्यानमार लगायतका मुलुकमा तीन पुस्ता भन्दा बढी समय बिताएका नेपालीहरुले नेपालसंग जोडिनको लागि कुनै पनि परिचयपत्र नभएको तथ्य पेस गर्नु भयो । नेपालको संविधान, गैरआवासीय नेपाली सम्बन्धी ऐन र बन्न लागेको नागरिकता ऐन कुनैले पनि त्यहाँको स्थायि नेपालीहरु जो दोस्रो बिश्वयुद्धताका त्यहाँ पुगे उनीहरुका कार्डमा नेपाली वा गोर्खा लेखिएकोले त्यही आधारमा नेपालसंग सम्बन्ध राख्ने गैरआवासीय नेपाली कार्डको ब्यवस्था गरिदिन राजनीतिक दल र सरकारसंग अनुरोध गर्नु भयो । त्यसक्रममा त्यस क्षेत्रका नेपालीहरुले नेपालसंगको माया झल्कने बृद्धचित्र पनि प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा संघका उपाध्यक्ष नरेन्द्र भाटले विदेशमा रहेका नेपालीले आफ्नो मताधिकारको प्रयोग गर्न पाउने गरि कानून बनाउन र त्यसको ब्यवस्था मिलाईदिन अनुरोध गर्नु भयो । बिदेशमा रहेका नेपालीको नोट चल्ने तर भोट नचल्ने नितिलाई परिमार्जित गरि रेमिट्यान्स नेपाल पठाएर जसरी देशको आर्थिक बिकासमा उल्लेख्य सहयोग भएको छ त्यसैगरि मताधिकारको प्रयोग गर्न पनि पाउने अधिकारको सुनिश्चित गर्न अनुरोध गर्नुभयो ।

सत्रमा बिशेष वक्ताको रुपमा उपस्थित नेकपा माओवादी केन्द्रका नेता तथा संविधानसभा का सदस्य खिमलाल देवकोटाले संविधानसभामा संविधान बनाउने बेलामा गैरआवासीय नेपाली नागरिकताको बारेमा धेरै बहस भएको र संविधानमा उल्लेख भएको बिषय कर्यान्वयन नहुनु दु:खद भएको बताउनु भयो । संविधानजारी भएको सात बर्ष सम्म पनि गैरआवासीय नेपालीले नागकिरता प्राप्त गर्न नसक्दा कति क्षति भयो त्यो क्षतिपुर्ति राज्यले दिनु पर्ने तर्क उहाँको थियो । उहाँले संसदका दुवै सदनले पारित गरेको नागरिकता ऐन अहिले प्रमाणिकरण नहुँदा अट्किएको जानकारी गराउदै यो जतिसक्दो छिटो प्रमाणिकरण गर्नुपर्ने बताउनु भयो ।

यस सत्रका अर्का विशेष वक्ता नेपाली कांग्रेसका नेता तथा संविधानसभाका सदस्य राधेश्याम अधिकारीले नागकिरता संविधानले दिएको अधिकार भएको बताउदै यो अधिकार स्थपित गर्न संविधानसभा देखिनै निकै जोडबल गर्नु परेको स्मरण गर्नुभयो । तत्कालिन सविधानसभाका अध्यक्ष सुवास नेम्वांगाको नेतृत्वमा आफूहरु केही सदस्यले बिशेष ध्यान दिएको कारण नै संविधानमा यो विषये उल्लेख गर्न सकिएको उहाँको भनाई थियो । संविधानमा भएको ब्यवस्था कार्यान्वय गर्ने पर्ने हुने भएकोले कानून बनाउनु पर्ने र कानून बनाउदा यसमा दलहरुले धारणा बनाउन नहुने उहाँको जोड थियो । नागरिकता ऐन संसोधन भए पछि पनि नियमावली लगायतका अन्य ऐन बनाउन गैरावासीय नेपाली संघले बिशेष ध्यान दिनु पर्ने उहाँको सुझाव थियो । जसरी संविधान निर्माण देखि ऐन बनाउदा सम्म बिज्ञहरुसहितको टोलि बनाएको छ त्यसैगरी अबका कानून नियमावली बनाउन पनि विशेष टोली बनाउन आवस्यक भएको उहाँको भनाई थियो । तेस्रो पुस्तासम्म बिताइसकेका बर्मा, थाइल्याण्ड, मलेसिया लगायतका देशमा रहेका नेपालीहरुलाई नेपालसँग जोडिने चाहना पुरा गर्न कुनै समस्या नभएको बताउनुयो ।

समय अभावको कारण सत्र समापन सम्म बस्न नसकि अगाडि नै धारणा राख्नु भएका नेकपा एमालेका विदेश विभागका प्रमुख राजन भट्टराईले नागरिकताका अन्य विषयका केही विवाद भएको भए पनि गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न आवस्यक कानून बनाउन एमाले जहिले पनि सकारात्मक भएको बताउनु भयो ।

अन्त्यमा यस शत्रका सभापति कुल आचार्यले वेगलै प्रावधान ल्याएर भएपनि गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने गैरआवासीय नेपालीहरुको अधिकारलाई पुरा गर्न आग्रह गर्नु भयो । नागरिकता नभएकै कारण नेपालमा सम्पतीको सुरक्षा नभएकोले धेरैले सम्पती बिक्रि गरि विदेश लगने गरेका कारण यसले राज्यलाई नै धाटा भएको बताउनु भयो । उहाँले नेपाली उत्पति जसको कागजमा पहिचान नखुलेका नागरिकहरुलाई गैरआवासीय नेपाली परि चय पत्रको व्यवस्था, प्रवासमा रहेका नेपालीहरुलाई मतदानको अधिकार, भूपू गोरखाहरुको हकअधिकारलाई संबोधन गर्न नेपाल सरकार लगायत सम्बन्धित निकालय समक्ष आग्रह गर्दै शत्रको समापन गर्नु भएको थियो ।

**शत्रको निष्कर्ष** :

गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न कुनै पनि दल असहमत नभएको र सरकारले पनि यसलाई बिशेष ध्यान दिएकोले छुट्टै कार्यान्वयन हुनेमा आशा गर्ने ठाउँ भेटियो । नागरिकता सम्बन्धि ऐन बने पछि पनि निमायवलीमा बनाउन सबैले ध्यान दिनुपर्ने छ । अहिले जतिकै बिशेष साबधानिताका साथ राजनीतिक दलका नेता र सरकारसंग नियमित सम्पर्कमा बसेर लविंग गर्नु पर्ने देखियो । पुस्तौ देखि बिदेशमा रहेका बिदेशी नेपालीहरुले नेपालसंग कानूनी सम्बन्ध स्थपित गर्न समस्या नभए पनि यसको लागि दलका नेता र सरकारी अधिकारीलाई बुझाउन अवस्यक देखियो । गैरआवासीय नेपालीहरुले मतदान गर्ने बिषय प्राविधिक रुपमा कठिन भएको दलका नेताहरुको बुझाई देखियो यसको लागि नागरिकतामा जस्तै निरन्तर लविंग गरिरहनु पर्ने छ ।

# तेश्रो तथा पहिलो दिनको अन्तिम शत्र: सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा विषयक छलफल

**सभापति :**

रविना थापा, कार्यकारी अध्यक्ष, गैरआवासीय नेपाली संघ

**प्रमुख अतिथि :** एकनारायण अर्याल, सचिव , श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**अतिथि :**

- डा.द्वारिका उप्रेति, कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड
- उमाकान्त आचार्य, महानिर्देशक, वैदेशिक रोजगार विभाग
- राजेश्वर ज्ञवाली, सहसचिव, अर्थमन्त्रालय
- डिबी क्षेत्री, उपाध्यक्ष, एनआरएनए
- राज रेग्मी, युवा उपाध्यक्ष, एनआरएनए
- यास्मिन बेगम सौयद, महिला उपाध्यक्ष, एनआरएनए
- खगेन्द्र न्यौपाने, सचिव, एनआरएनए
- दिपक गौतम, अध्यक्ष, एनआरएनए एनसीसी क्यानडा

**कार्यक्रम संचालन : होम पाण्डे : सचिव, एनआरएनए**

**कार्यक्रमको सार :**

गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली दिवस एवं गैरआवासीय नेपाली संघको वार्षिक साधारणसभाको अवसर पारेर गत अक्टोबर ११ गते “सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार तथा सामाजिक सुरक्षाको व्यवस्था” विषयक कार्यशाला सम्पन्न गरेको छ । एनआरएनएले विगत लामो समयदेखि उठाउदै आएका मुद्दा तथा मागलाई सम्बोधनका लागि नेपाल सरकार तथा सरोकारवाला निकायहरुसंग कार्यशालामा छलफल भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालको प्रमुख आतिथ्यतामा वैदेशिक रोजगार र सामाजिक सुरक्षाको शत्र संचालन भएको थियो ।

एनआरएनएले झण्डै एक दशकदेखि वैदेशिक रोजगारीमा जाने कामदारलाई सामाजिक सुरक्षामा समेट्न लबिङ तथा दवाव दिदै आएकोमा अब वैदेशिक रोजगारमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा तत्काल समेट्न अनुरोध गरेको छ । एनआरएनएले सामाजिक सुरक्षामा समेट्नका लागि सामाजिक सुरक्षा कोषसँग सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर गरिसकेको अवस्थामा अब कार्यान्वयनमा ढिलाई गर्न नहुने कार्यक्रमको निष्कर्ष रहेको छ ।

विदेशमा रहेका नेपालीको सामाजिक सुरक्षाका लागि रोजगारदाता मुलुकलाई पनि जिम्मेवार बनाउन पहल गर्नु पर्ने आवाज उठ्यो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा रहेका कामदारको सामाजिक सुरक्षा पहिलो प्राथमिकतामा राखेको जनाउदै अब हुने नयाँ श्रम सम्झौता तथा नविकरणमा सामाजिक सुरक्षाको विषय पहिलो बुँदामा राखिने प्रतिवद्धता व्यक्त गरेको छ ।

साथै यस शत्रमा दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनुपर्ने, सीपयुक्त कामदार मात्र विदेश पठाउनतर्फ लाग्नुपर्ने र विदेशबाट फर्किएका तथा फर्कन चाहने कामदारको पुर्नस्थापनाका लागि सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने आवाज उठेको थियो ।

वैदेशिक रोजगारमा रहेका नेपालीहरु बिचराका पात्र नभएको र राष्ट्को अर्थतन्त्र चलायनमान बनाउने हिरोको रुपमा रहेको बक्ताहरुको भनाई थियो । सरकारले आफ्नो सेवालाई अनलाईन सिस्टम लागू गर्नाले वैदेशिक रोजगारका धेरै समस्याहरु कम हुदै गएको जनाइएको छ । यस्तै वैदेशिक रोजगारीमा गएका कामदारहरुले रकम जम्मा गर्ने गरेको कल्याणकारी कोषको कार्यविधि शंशोधन गरेर यसको परिचालन सम्वन्धमा विशेष व्यवस्थापन गर्नुपर्ने पनि आवाज उठे को छ । छलफल कार्यक्रमबाट सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगार बनाउनका लागि सरकार, सरोकारवाला निकाय तथा एनआरएनएहरुबीच सहकार्य हुन जरुरी रहेको निष्कर्ष रहेको छ ।

## कार्यक्रममा कस्ले के भने ?

### वैदेशिक रोजगारमा रहेका नेपाली बिचराका पात्र होइनन्

▪ **डिबी क्षेत्री, उपाध्यक्ष, एनआरएनए**

वैदेशिक  रोजगार अति सम्मानित पेशा भएता पनि विचराका रुपले हेरिन्छ । वैदेशिक  रोजगार नहुँदो हो त स्वदेशमा बेरोजगारी समस्या अधिक हुने थियो । वैदेशिक रोजगारले नेपाल सरकारलाई सघाएकोछ, आफ्ना परिवारलाई सघाएको छ र आफु सवल बनेको छ, । त्यसैले यो विचराको पात्र पक्कै होइन । वैदेशिक रोजगारबाट पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र चलाएमान भएको छ । त्यही भएर यो सबैभन्दा सम्मानित पेशा हो । सबैभन्दा सम्मानित वर्ग हो । जब हामीले सम्मानित ठान्छौ भने यसमा सुधार र सदृढीकरणमा ध्यान दिन जरुरी छ ।

नेपाल सरकारले आफ्ना नीति तथा नियम बनाउँदा वा कुनै कार्यक्रम गर्दा हामी विदेशमा बस्ने नेपाली अर्थात एनआर एनएलाई सहभागी गराउन जरुरी छ । वैदेशिक  रोजगारमा गएर फर्किएको मान्छे जाँदा त रेकर्ड होला फर्किदा उसले के सीप सिकेर आयो त्यसको लागि एउटा सीप बैंक खोल्दिनुपर्छ । राष्ट्लाई अर्थात रोजगारदातालाई आवश्यक पर्दा बौद्धिक र सीप जानेकाहरुलाई प्रयोग गर्न सकिन्छ। त्यसैगरी रोजगारदाता र कामदार भेट्ने पोर्टल बनाईदिने हो भने बिचौलिया हट्ने थिए ।

हामीले वैदेशिक रोजगारमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा योजनामा जोड्नु पर्छभनेर विगत लामो समयदेखि आवाज उठाउँदै आयौ । म एनआरएनए ओमानको अध्यक्ष हुँदै गर्दा सन् २०११ मा “हजारे अभियान”को कन्सेप्ट ल्याएर कसरी हुन्छ वैदेशिक रोजगारबाट स्वदेश फर्किएपछि फेरि वैदेशिक रोजगारमा नै जानु पर्ने बाध्यताको अन्त्य कसरी गर्न सकिन्छ भनेर लागिर रहेको बताउनु भयो । जीवनको उर्भर समय र उमेरमा वैदेशिक रोजगार गएका तर त्यही वैदेशिक रोजगारबाट घाइते भएर वा अंगभंग भएर स्वदेश फर्किएकाहरुको जीवन यापनका लागि सामाजिक सुरक्षा अनिवार्य छ । अहिले सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई यो योजनामा जोड्नका लागि धेरै काम गरिसकेको छ। यसमा एनआरएनएले पनि सहयोग गरिरहेका छ। हामीले धेरै गफ र छलफल गरिसक्यौ, अब तत्काल कार्यान्वयन हुन जरुरी छ । सरकारले यो योजना लागु गराएपछि एनआरएनएले आफ्नो ठाउँमा सहयोग गर्ने छ । नयाँ गन्तब्यको  खोजी गनुएपर्छ ।

▪ **दिपक गौतम, अध्यक्ष, एनआरएनए क्यानडा**

१२ हजार नेपालीहरुले वैदेशिक रोजगारमा ज्यान गुमाउँदा त्यसको कारण खोज्न जरुरी छ । काम गर्दा उनीहरुले सेफ्टीमा ध्यान दिएनन् नै भन्ने हो । खाडी तथा मलेसिया वैदेशिक रोजगारका लागि सेफ डेस्टिनेशन हुन् त प्रश्न खोज्न आवश्यक छ । अब खाडी र मलेसिया मात्र होइन अन्य आकर्षक गन्तब्य खोज्न सबैले ध्यान दिनुपर्छ । युरोप तथा अमेरिकामा नेपाली कामदारको माग छ तर सीप र तालिम दिएर मात्र कामदार पठाउनु पर्छ ।

### जिरो कष्टमा २ लाखभन्दा बढि तिर्न बाध्य

▪ **खगेन्द्र न्यौपाने, सचिव, एनआरएनए**

अहिले नेपाल सरकारले आफ्नो सेवालाई अनलाइन प्रणालीमा लिएर गएको छ । श्रम मन्त्रालयले वैदेशिक रोजगारमा रहेका धेरै समस्या हल गरिरहेको छ । वैदेशिक रोजगार विभाग तथा एम्बेसीहरुमा सेवाग्राहीको चाप घटेको छ । तर, अन्य धेरै सुधारको आवश्यकता रहेको छ ।  सरकारले बिदेशमा जाने कुनै पनि कामदारले जिरो कष्टमा जाने व्यवस्था गरेको छ तर विदेश जानेहरुले २ लाखभन्दा बढि तिर्नु परेको छ । अहिले सबैलाई थाहा भएको विषयमा नेपाल सरकारले ध्यान दिन जरुरी छ । विदेश जाँदाखेरी २ वर्षको मात्रै इन्स्युरेन्स हुने गरेको छ ।

२ वर्षपछि कामदारको मृत्युभएमा वा अंगभंग भएमा रिइन्स्युरेन्स नहुँदा क्षतिपूर्ती गुमाउनु परेको छ । त्यसैले विदेशबाट नै अनलाइनबाट रिइन्युरेन्स गराउन आवश्यक छ । अहिले केहि ठाउँमा लागू हुने स्थितिमा भए पनि अझ प्रभावकारी रुपमा तुरुन्तै लागु गर्नुपर्छ । त्यसैगरी विदेशमा बसेर आर्जन गरेका सीप, ज्ञान र पूँजीलाई नेपाल फर्किसकेपछि रेकर्ड राख्नेगरी उनीहरुको सीप पहिचान गरी नेपाल सरकारले प्रभावकारी सदुपयोग गर्न आवश्यक देखिन्छ ।

## वैदेशिक रोजगारमा जानेलाई सीप तथा तालिमको आवश्यकता

**राज रेग्मी, युवा उपाध्यक्ष**

वैदेशिक रोजगारमा जानु हामीलाई रहर होइन पक्कै पनि बाध्यता हो । हाम्रो देशमा हामीले रोजगारी सृजना गर्न सकेको भए पक्कै पनि हामी ४० लाख भन्दा बढी युवाहरुको उपस्तिथी अहिले मध्यपूर्व एशिया लगायत विभिन्न देशहरुमा न्युन हुन्थ्यो । विदेशमा परिश्रम गरेका युवाहरुको सीप र क्षमतालाई पक्कै पनि नेपाल सरकारले चासोको रुपमा लिएर उनीहरुले आर्जन गरेको पूँजीलाई एकमुष्ट तरिकाले संचित गर्दै एउटा परियोजना लिएर अघि बढ्न जरुरी छ । त्यसो हुने भए अब ४० लाख भन्दा बढी नेपालीहरु विदेशमा गएर पसिना बगाईरहनुपर्छ जस्तो लाग्दैन । नेपाल सरकारले विदेशी श्रमिकहरुका मर्महरुलाई बुझेर आगामी दिनहरुमा गैरआवासिय नेपाली संघसंग साझेदारी गर्दै नेपालका सम्भाव्य क्षेत्रहरुमा रोजगारीको सृजना उत्पन्न गराउने र साना तथा ठूला पूँजीहरुलाई पहिचान गरी ठूलो प्याकेज लिए विभिन्न नयाँ कार्ययोजना अगाडि बढाउँदै जानु पर्छ । त्यसपछि मात्र अबको ८/१० वर्षमा हामीले सुखि र समृद्ध नेपाल देख्न सक्छौ । र, हामी विदेशिएका नेपालीहरुले आफ्नै कर्मभूमिमा आएर काम गर्न सक्छौ ।

वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई सुरक्षित र मर्यादित गर्ने विषयमा नेपाल सरकारले अझै बढी ध्यान दिनुपर्छ । मध्यपूर्वलाई अहिलेपनि नेपाल सरकारले ब्लु कलर लेबरको डेस्टिनेशनमा मात्रै युटिलाइज गर्ने गरेको छ । नेपाल सरकार के कुरामा सचेत हुनुपर्छ भन्दा हामीसंग भएका जति युवाशक्ति छन् उनीहरुलाई नेपालमै सीप र ज्ञानको लागि प्राविधिक शिक्षालयको स्थापना गर्न जरुरी छ । अब उनीहरुलाई तालिम दिएर पठायौ भने पक्कै पनि एक हजार कमाउने मान्छेले त्यही देशमा २ हजार कमाउन सक्छ । र त्यसको डाइरेक्ट बेनिफिट नेपालको अर्थतन्त्रलाई पर्छ । र आफ्नो परिवारलाई पनि पर्छ ।

## श्रमिकको पक्षमा सबैले आवाज उठाऔं

**यास्मिन बेगम सौयद, महिला उपाध्यक्ष, एनआरएनए**

वैदेशिक रोजगार भन्नेबित्तिकै मध्यपूर्वमा रहेका नेपालीहरुलाई नै इंगित गारिन्छ । वैदेशिक रोजगारको क्रममा खाडीमा रहनुभएका महिला पुरुषहरुको मात्रै चर्चा हुने गरेका थिए । देशको अर्थतन्त्रलाई धान्ने रेमिट्यान्सदेखि लिएर लाखौ नेपालीहरुलाई रोजगारी दिने लाखौ युवाहरुको चुला बाल्ने जनशक्ति जहाँ रोजगारको लागि विदेशिएको क्रममा खाडि तथा मलेसिया मुलुकमा रहेकाहरुको चर्चा जरुरी छ ।

हाम्रो विमानस्थलबाट एउटा झोला बोकेर गएको नेपाली दाजुभाई तथा दिदिबहिनी बाकसमा आउँछन् या त सुटकेशमा अलिकति पैसा बोकेर आउँछन् । वैदेशिक रोजगारको क्रममा म साउदी अरबमा रहेको छु । साउदी अरबबाट म आउँदै गर्दा त्यहाँबाट नेपाली दाजुभाईहरुले हाम्रो पनि आवाज राखिदिनु भनेर पठाउनुभएको छ । हाल साउदी अरबमा इलिगल श्रमिकहरु अलपत्र परेको अवस्था छ । हाम्रो परियोजनाले धानेको सेल्टर पनि बन्द हुने स्थितिमा आईसकेको छ । अहिले क्षणिकरुपमा विमानस्थलमा नियम कानुन परिवर्तन हुँदैगर्दा विभिन्न मार र भार सर्वसाधारण लगायत हामीले पनि बेहोर्नुपरेको छ । यसको समस्या समाधानमा ध्यानकेन्द्रित गराउन चाहान्छु । वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकहरुको पक्षमा सबै ले आवाज उठाउन जरुरी छ ।

## सुधारका धेरै काम भइरहेका छन् ।।

**▪ राजेश्वर ज्ञवाली, सहसचिव, अर्थ मन्त्रालय**

अहिले वैदेशिक रोजगारको क्षेत्रमा धेरै सुधारका काम भइरहेका छन् । भैरहवाबाटै श्रम स्वीकृति दिने व्यवस्था लागु भएको छ । धेरै कामहरु अगाडि बढिरहेका छन् । अर्थ मन्त्रालयले पनि यस क्षेत्रको सुधारका लागि काम गरिरहेको छ । सुरक्षित मर्यादित र व्यवस्थित वैदेशिक रोजगारीको लागि सरोकारवाला सबै संग सहकार्य गर्न जरुरी छ ।

## सामाजिक सुरक्षा योजना छिटो कार्यन्वयन हुन्छ ।।

**▪ एकनारायण अर्याल, सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

विशेषगरी वैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई समस्यामा पर्दा उद्धार वा राहत होस् या चाहे कोभिडको समयमा वा महाभुकम्पको समयमा होस् एनआरएनएले गरेको सहयोगलाई म हृदयदेखि नै धन्यवाद दिन चाहान्छु । ८४ वटा देशहरुमा आफ्नो सञ्जाल बिस्तार गरेको एनआरएनए हाम्रो लागि सम्पत्ति हो, यो सम्पत्तिलाई हामीले भरपुर सदुपयोग गर्नुपर्छ । अहिले सरकारले १११ देशहरुमा संस्थागत रुपमा पठाउन अनुमति दिएको भएता पनि १७८ देशहरुमा व्यक्तिगत रुपमा जान सक्छन् । अहिले मन्त्रालयले नेपाल संग दौत्य सम्बन्ध भएका जुनसुकै मूलुकमा गएर काम गर्न सक्ने भन्ने कुरामा मन्त्रालय सचेत छ ।

वैदेशिक रोजगारलाई फेसलेस, क्यासलेस, पेपरलेस बनाउने सन्दर्भमा मन्त्रालयले धेरै रिफर्मका कामहरु अगाडि बढाएको छ । अब आफू जुन देशमा हो त्यहीबाट श्रम स्वीकृति रिन्यु गर्न सक्ने प्रबन्ध सरकारले मिलाउँदै छ ।

रिइन्टिग्रेसनमा सरकारले पोलेसी स्वीकृत गरिसकेको छ । वैदेशिक रोजगार बोर्डबाट नेपाल सरकारले केही बजेट छुट्याएर त्यो कार्यक्रम गर्दैछ । यसका लागि एनआरएनए जोडिन चाहन्छ भने सधै स्वागत हुनेछ । एनआरएनए भनेको सरकारको पार्टनर एजेन्सी हो, भोलिदेखि नै सहकार्य गर्न आह्वान गर्दछु ।

अहिले ९७ प्रतिशत नेपालीहरु अनस्किल्ड रुपमा वैदेशिक रोजगारमा जाने गरेका छन् । राष्ट्रिय स्तरको सीप विकास केन्द्र स्थापना गर्नका लागि क्याविनेटमा गईसकेको छ । सातै प्रदेशमा सीप विकास केन्द्र स्थापना हुन्छ, यसमा पनि सहकार्य गर्न एनआरएनएलाई स्वागत छ ।

वैदेशिक रोजगारका लागि नेपाल सरकारले सम्बन्धित देशमा लागु भएको न्युनतम पारिश्रमिक श्रमिकलाई दिनुपर्छ र त्यो देशमा भएको सोसियल सेक्युरेटी हाम्रो देशको श्रमिकलाई पनि प्रदान गर्नुपर्छ नत्र लेबर एग्रिमेन्ट गर्दैनौ भन्ने गरे का छौं । श्रम सम्झौता नभएका देशहरुमा तत्काल अर्थात चुनावपछि श्रम सम्झौता गर्नेछौ । एनआरएनए एनसीसीहरुलाई सम्बन्धित देशसंग नेपालको सीप विकास तथा तालिममा लगानीका लागिलाई अनुरोध गर्नु भयो ।

सामाजिक सुरक्षाको विषयमा पटक पटक छलफल भइरहेको छ । विश्वका धेरै मुलुकले सामाजिक सुरक्षा योजना लागु गरिसकेका छन् । अब वैदेशिक रोजगारमा रहेका नेपालीलाई पनि सामाजिक सुरक्षा योजनामा समेट्न सकिन्छ । अहिले सामाजिक सुरक्षाको सुविधा दिने कार्यविधि सरकारले निर्माण गरिसकेको छ । अहिले यो अन्तिम चरणमा छ । राष्ट्र बैंक, अर्थमन्त्रालय र केही टेक्निकल टिमसंग छलफल भइरहेको छ । यो योजना कुन देशबाट शुरु गर्ने यसको लागि श्रम मन्त्रालय र सामाजिक सुरक्षा कोष निरन्तर लागिरहेको छ । म समय त भन्दिन तर धेरै नै छिटो कार्यान्वयन हुन्छ । सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन, नेपालमा सीप तथा तालिम केन्द्र स्थापना गर्न र रिइन्टिग्रेसनमा एनआरएनहरुको कमिटमेन्ट चाहिन्छ । सरकारले गरेन मात्रै होइन, सरकारले गरेका काममा साथ दिनुहोला ।

**रविना थापा, कार्यकारी अध्यक्ष, एनआरएनए**

वैदेशिक रोजगारमा नेपालीहरु विश्वभरी रहेपनि वैदेशिक रोजगारका समस्याहरु चाहि प्रायजसो मिडिलिष्ट तथा मलेसियामा बढि पाइन्छ । वैदेशिक रोजगारको मुद्धालाई गैरआवासीय नेपाली संघले प्राथमिकतामा राखेको छ । समस्या त धेरै छन् नै समाधानका लागि पनि प्रयासहरु भइरहेका छन् ।

वैदेशिक रोजगारमा जानेहरुलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा बढी जोड दिनुपर्ने आवश्यक देखिएको छ । नेपाल सरकारले वैदेशिक रोजगारमा जानको लागि लाइफ इन्स्युरेन्स, हेल्थ इन्स्युरेन्स, सोसियल सेक्युरेटी नभएपछि त्यस देशमा हाम्रो कामदारहरु किन पठाउने ? नेपाल सरकारले दरिलो अडान लिने हो भने हाम्रा सबै माग पुरा हुनेछन् ।

वैदेशिक रोजगारमा पठाउँदा सेफ जोन हेर्न जरुरी छ । जहाँ नेपाली श्रमिकले राम्रो पारिश्रमिक र सुविधाहरु पाउन सकुन् । सीपमुलक तालिमका लागि मन्त्रालयहरुसँग मिलेर कस्तो किसिमको ट्रेनिङ दिन सकिन्छ र नेपाललाई कसरी सहयोग गर्न सकिन्छ भन्नेमा संघको ध्यान केन्द्रित रहेको बताउनु भयो ।

**निष्कर्ष :**

- वैदेशिक रोजगारमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा तत्काल कार्यान्वयन गराउनु पर्छ । यसका लागि सरकारले आवश्यक कार्यबिधी बनाएर वैदेशिक रोजगारमा रहेकाहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउन ढिला गर्न हुँदैन ।
- वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई आवश्यक तालिम तथा सीप विकासका लागि तालिम केन्द्र स्थापना गर्नुपर्छ त्यसका लागि एनआरएनएले सरकारसंग सहकार्य गर्ने छ ।
- वैदेशिक रोजगारका लागि खाडी र मलेसिया मात्र नभई अन्य आकर्षक गन्तब्य मुलुकको खोजी गर्नुपर्छ । जुन देशले आवश्यक सुविधा र अधिकार दिदैनन् त्यस्ता देशमा कामदार नपठाउन अनुरोध गरेको छ ।
- वैदेशिक रोजगारका क्षेत्रमा फेसलेस, पेपरलेस, क्यासलेस हुँदै गएपनि सुधारको अझै खाँचो रहेको छ, त्यसका लागि सरकारले अझै काम गर्न जरुरी रहेको छ । वैदेशिक रोजगारमा जाँदा जिरो कष्ट लागु हुन नसक्दा श्रमिकले लाखौ तिर्न बाध्य भएकाले त्यसलाई सरकारले विशेष चासो दिन आवश्यक रहेको औंल्याइएको छ ।
- विदेशमा सिकेको सीप, ज्ञान र पूँजी स्वदेशमा लगाउनका लागि पुनएकीकरण कार्यक्रम सरकारले ल्याएको मा एनआरएनएसंग सहकार्य गर्नुपर्ने र सरकारले सही वातावरण बनाउनु पर्ने निश्कर्ष निस्केको छ ।

**१२ अक्टोवर २०२२ बुधवार**

**पहिलो शत्र**: महिला तथा युवा

**सभापति** : रविना थापा, कार्यकारी अध्यक्ष, गैरआवासीय नेपाली संघ

**वक्ताहरु** :

- यास्मिन वेगम, महिला उपाध्यक्ष, गैरआवासीय नेपाली संघ
- रोशन थापा, युवा उपाध्यक्ष, गैरआवासीय नेपाली संघ
- राज रेग्मी, युवा उपाध्यक्ष, गैरआवासीय नेपाली संघ
- गणेश केसी, उपमहासचिव, गैरआवासीय नेपाली संघ
- राधिका गुरुङ, महिला सचिव, गैरआवासीय नेपाली संघ
- अब्दुल वासिद, युवा संयोजक, गैरआवासीय नेपाली संघ
- दिपक कडेल, क्षेत्रिय उपसंयोजक, एशिया प्रशान्त, गैरआवासीय नेपाली संघ
- रमेश काफ्ले, क्षेत्रिय युवा संयोजक, युरोप, गैरआवासीय नेपाली संघ
- रोजिना प्रधान, पूर्व उपाध्यक्ष, एनसिसि युके
- क्रान्ती अर्याल भण्डारी, गैरआवासीय नेपाली, युएसए

**अतिथिद्वय**

रमाकान्त शर्मा, प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद्

नवराज निरौंला, उपसचिव, राष्ट्रिय युवा परिषद्

**कार्यक्रम संचालक :**

**विनय अधिकारी : उपमहासचिव, गैरआवासीय नेपाली संघ**

यस शत्रमा महिला, युवा तथा दोश्रो पुस्ताका युवाहरुको शसक्तिकरणका साथै उनीहरुलाई संघमा र नेपालको समृद्धिमा कसरी सहभागीता गराउन सकिन्छ बारे छलफल भएको थियो । यो शत्रमा देहाय अनुसारका वक्ताहरुले आआफ्नो मन्तब्य राखेका थिए ।

- **रमेश काफले, क्षेत्रीय युवा संयोजक युरोप**: उहाँले अत्यधिक मात्रामा विदेशमा रहेका युवाहरुलाई नेपालको समृद्धिका साथै नेतृत्व विकासमा सहभागीता गराए मात्र मुलुकको समृद्धि हुने कुरामा जोडदिनु भएको थियो । युवाका चुनौति तथा समस्या बारे प्रकाश पार्दै विश्वमा छरिएर रहेका युवा तथा दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुलाई एकैठाउँमा ल्याउनको लागि एक युवा सम्मेलनको आयोजना गर्नु पर्ने बताउनु भयो ।

- **गणेश केसी, उपमहासचिव**: उहाँले अत्यधिक मात्रामा युवाहरुलाई व्यवसायीक तालिम दिनु पर्नेमा जोड दिदै यस कार्यको लागि संघले योजनाहरु तयारगरी कार्यान्वयनमा ल्याउन लागेको जानकारी दिदै महिला तथा युवाहरुलाई शिप मुलक तालिम दिएर नेपाको विकासमा परिचालन गर्नु पर्ने बताउनु भयो ।

- **क्रान्ती अर्याल भण्डारी, गैरआवासीय नेपाली युएसए**: महिलाहरुलाई मुलुकको विकास प्रति आकर्षति गर्नको लागि संघले आयोजना गर्ने हरेक गतिविधिहरुमा सहभागीता गराउनु पर्नेमा जोड दिनु भयो । साथै उहाँले महिला शशक्तिकरणलाई बलियो पार्ने कामको सुरुवात आफ्नो घर बाटै सुरु गर्नुपर्ने बताउनु भयो ।

- **अब्दुल वासिद युवा संयोजक**: युवाहरुलाई मुलुकमै रोजगारीको अवसर दिएर उनीहरुलाई नेपालको समृद्धिमा सहभागी गराउनु पर्ने आफ्नो धारणा राख्नु भयो । युवाको सोच परिवर्तन भयो भने मुलुक पनि परिवर्तन हुनेमा आफू विश्वस्त रहेको बताउनु भयो । अहिले निकै मात्रामा युवाहरु विदेशमा श्रम गर्न र शिक्षा आर्जनका लागि गईरहेका छन् यही स्थिति रहयो भने स्वदेशमा कोही पनि युवा नरहने र यसले देश विकासमा ठूलो असर पुर्याउने भएको हुदा सरकारले समयमा नै एक ठोस नीति तथा योजना ल्याएर यसको न्युनीकरण गर्नको लागि ध्यानाकर्षण गराउनु भयो ।

- **रोजिना प्रधान, पूर्व उपाध्यक्ष, एनसिसि युके**: महिलाको शसक्तिकरणका लागि पुरुष र महिलालाई समान अधिकारी दिनु पर्छ बारे आफ्नो राय व्यक्त गर्नु भयो । उहाँले महिला शस्क्तिकरणमा भए गरेका आन्दोलनहरुको स्मरण गर्दै महिलाहरुको पहुँच नेतृत्व देखी लिएर हरेक तहतप्का सम्म पुगे मात्र देशको विकास हुने बताउनु भयो ।

- **राज रेग्मी, युवा उपाध्यक्ष**: संघको अभियानमा महिला, युवा तथा दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुलाई आबद्ध गर्नको लागि उनीहरुलाई लक्षित गरेर आवश्यक कार्यक्रम ल्याउनु पर्नेमा जोड दिनु भयो । यसरी नै उहाँले युवाहरुलाई विकास निर्माणका हरेक क्षेत्रमा सहभागीता गराए मात्र मुलुक सुखी र समृद्ध हुने बताउनु भयो ।

- **राधिका गुरुङ, महिला सचिव**: महिलाहरुको नेतृत्वको विकास गर्नको लागि उनीहरुले आफैले इच्छशक्तिको विकास गर्नुपर्ने बताउनु भयो । महिलाहरुलाई शिप तथा तालिम प्रदान गरेर उनीहरुलाई नेपालको कृषि, उद्योग तथा अन्य क्षेत्रमा सहभागीता गराए उनीहरुको जीवन स्तरका साथै मुलुकको विकास गर्नको लागी ठूलो सहयोग पुग्ने बताउँदै संघको महिला फोरमले नेपालका विभिन्न क्षेत्रहरुमा महिलाहरुलाई सिलाइ बुनाइ ब्युटिसियन लगायतका उधमशिलता सम्बन्धी तालिमहरु संचालन गरिरहेको जानकारी दिनु भयो ।

- **यास्मिन बेगम, महिला उपाध्यक्ष**: मध्यपूर्वमा रहेका नेपाली कामदारहरुको अवस्था बारे जानकारी गराउँदै साउदीमा रहेका घरेलु महिला कामनदार शिक्षित र आर्थिक रुपमा सक्षम भएको बताउनु भयो । उहाँले संघमा महिलाको संख्यामा वृद्धि गराउनको लागि नीति तथा योजना बनाउन आग्रह गर्नु भयो । अहिले गैरआवासीय नेपाली महिलाहरु नेतृत्व लिन सक्षम भईसकेको पनि जानकारी गराउनु भयो

- **दिपक कडेंल, क्षेत्रीय उपसंयोजक एशिया प्रशान्त**: उहाँले युवालाई लक्षित गरेर कार्यक्रमहरु आयोजना गर्न सुझाव दिदै उनीहरुलाई स्वदेश मै स्वरोजगार बनाउनको लागि नेपाल सरकार तथा सरोकारवालाहरु समक्ष अनुरोध गर्नु भयो । साथै उहाँले विश्व युवा सम्मेलन आयोजना गर्नको लागि जोड दिदै विदेशमा रहेका दोश्रो पुस्तालाई नेपाल संग जोड्नको लागि विविध योजनाहरु ल्याउनको लागि आग्रह समेत गर्नु भयो ।

- **रोशन थापा, युवा उपाध्यक्ष**: संघले युवा सम्बन्धी गरेका गतिविधिहरु बारे जानकारी गराउनु भयो । उहाँले युवाहरुको सहभागीता बढाउनको लागि नेपालमा युवा सम्मेलन गर्ने योजना बारे बताउनु भयो । उहाँले नेपाल सरकारले आयोजना गर्ने युवा गतिविधिहरुमा संघको युवा संजाल प्रयोग गर्न अनुरोध गर्नु भयो । आगामी दिनमा संघको खेलकुद प्रतिष्ठानलाई एनसिसि स्तरसम्म लाने योजना रहेको बताउनु भयो ।

- **रमाकान्त शर्मा, प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद** : उहाँले कार्यक्रममा बोलाउनु भएकोमा धन्यवाद व्यक्त गर्दै कार्यक्रमको सफलताको लागि शुभकामन व्यक्त गर्नु भयो । उहाँले यस्ता कार्यक्रमले युवा सम्बन्धी योजना बनाउन ठूलो सहयोग हुने बताउनु भयो ।

यसै कार्यक्रमका दौरान युवाहरुको प्रबर्द्धन गर्नको लागि गैरआवासीय नेपाली संघ र राष्ट्रिय युवा परिषद् वीच एक सम्झौता पत्रमा हस्ताक्षर गरिएको थियो ।

यस शत्रका सभापति तथा गैरआआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष रविना थापाले संघले सुरुको अभियान देखी नै महिला शसक्तिकरणमा गरेका गतिविधिहरु बारे जानकारी दिनु भयो । उहाँले महिलाहरुको सहभागीता नेपालको समग्र क्षेत्रमा हुनु पर्ने र नेपालको नीति निर्माणका साथै उच्च ओहोदामा उनीहरुलाई समावेश गराउनु पर्ने विचार व्यक्त गर्नु भयो । साथै उहाँले युवाहरुको शसक्तिकरण र उनीहरुले आर्जन गरेका ज्ञान सीपलाई स्वदेश मै उपभोग गर्न सके यसले नेपालको समग्र विकासमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्दै शत्रको समापन गर्नु भयो ।

यसै शत्रमा एनसिसि युएसएको विज्ञान तथा प्रविधि विभागलेले आयोजना गरेको **Big Dream** प्रतियोगिताका विजेताहरुलाई चेक हस्तान्तरण गरिएको थियो । एनसिसि युएसएका अध्यक्ष बुद्धिसागर सुवेदीले यस प्रतियोगिता बारे जानकारी गराउनु भएको थियो ।

**दोश्रो शत्र**: विभाग, समिति,कार्यदल, एनसिसि र क्षेत्रीय गतिविधि

**अध्यक्षता**:

रविना थापा, कार्यकारी अध्यक्ष, गैरआवासीय नेपाली संघ
डा बद्री केसी, अध्यक्ष, गैरआवासीय नेपाली संघ
कुल आचार्य, अध्यक्ष, गैरआवासीय नेपाली संघ

**वक्ताहरु** :

- गणेश केसी, उपमहासचिव, गैरआवासीय नेपाली संघ
- पारसमणि पोखरेल, क्षेत्रिय संयोजक, एशिया प्रशान्त क्षेत्र
- रामचन्द्र पोखरेल, क्षेत्रिय संयोजक, अमेरिकाज्
- आदर्श बजगाई, डिजिएम, नबिल बैंक
- विनोद श्रेष्ठ, सचिव, एनसिसि इराक
- बुद्धिसागर सुवेदी, अध्यक्ष, एनसिसि युएसए
- दिपक गौंतम, अध्यक्ष, एनसिसि क्यानाडा
- भविन्द्र बस्नेत, अध्यक्ष, एनसिसि थाईल्याण्ड
- गोकर्ण ढकाल, अध्यक्ष, एनसिसि हङकंग
- शिव पौडेल, अध्यक्ष, एनसिसि जापान
- डा संजिव सापकोटा, संयोजक, स्वास्थ्य समिति, गैरआवासीय नेपाली संघ
- होम पाण्डे, सचिव, गैरआवासीय नेपाली संघ
- प्रदिप न्यौपाने, क्षेत्रिय सचिव एशिया क्षेत्र तथा आईसिसि सदस्य, गैरआवासीय नेपाली संघ
- ज्ञानेन्द्र आले, सचिव, एनसिसि युके

**कार्यक्रम संचालक : गंगाधर गौतम :सचिव, गैरआवासीय नेपाली संघ**

यस शत्रमा देहायका वक्ताहरुले आआफ्ना गतिविधिहरु बारे प्रस्तुति मन्तब्य राखेका थिए ।

- **आदर्श बजगाई, डिजिएम नविल बैंक**: उहाँले नविल बैंकले संचालन गरेका बैकिगं कारोवार बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । उहाँको प्रस्तुतिकरणमा मुख्यतया गैरआवासीय नेपालीलाई लक्षित गरेर ल्याएका प्रडक्टसहरु, डलर खाता लगायतका विषयमा प्रकाश पार्नु भएको थियो । साथै उहाँले संघसंगाको सहकार्यमा जोडदिनु भएको थियो ।

- **विनोद श्रेष्ठ, सचिव, एनसिसि इराक**: उहाँले इराकमा रहेका नेपालीहरुको विषयमा जानकारी दिदै एनसिसि इराकले समस्यामा रहेका नेपाली कामदारलाई गरेका राहत तथा सहयोग बारे जानकारी गराउनु भयो ।

- **बुद्धिसागर सुवेदी, अध्यक्ष, एनसिसि युएसए**: उहाँले एनसिसि युएसएले गरेका गितिविधिहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो । विभिन्न संचालन गरेका गतिविधिहरु मध्ये मुख्यता नेपालमा भएको प्राकृतिक प्रकोप र कोभिडको समयमा सहयोगका साथै त्यहाँ समस्यामा परेका विद्यार्थीहरुलाई राहत तथा अन्य सहयोग, नेपालको कुमाउँ गाउँपलिकामा चौर भ्कारी अस्पताल संग समन्यवय गरेर **Birthing Place** को निर्माण, देवघाट बृद्धाश्रममा क्लिनिक संचालन, नेपालकमा विभिन्न जिल्लाहरुमा परोपकारी परियोजना लगायतका विषयमा जानकारी गराउनु भयो ।

- **दिपक गौंतम, अध्यक्ष, एनसिसि क्यानाडा**: उहाँले एनसिसि क्यानाडाले गरेका गतिविधिहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो । विभिन्न संचालन गरेका गतिविधिहरु मध्ये मुख्यता नेपालमा भएको प्राकृतिक प्रकोपमा सहयोग, एनसिसि को विधानमा महिला सहभागीतामा बृद्धी तथा निवार्चन प्रणालीको व्यवस्थामा सुधार गरिएको जानकारी दिनुभयो । साथै उहाँले क्यानाडमा रहेका दोश्रो पुस्तालाई नेपालसंग कनेक्ट गर्ने सम्बन्धमा विविधि क्रियाकलापहरुका साथै उनीहरुलाई खेलकुदको माध्यमबाट जोड्ने प्रयास पनि भईरहेको बताउनु भयो ।

- **भविन्द्र बस्नेत, अध्यक्ष, एनसिसि थाईल्याण्ड**: उहाँले एनसिसि थाईल्याण्डले गरेका गतिविधिहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो । आयोजक राष्ट्रको नाताले उहाँले हालै थाईल्याण्डमा सम्पन भएको एशिया प्रशान्त भेलामा भएका गतिविधिहरु बारे जानकारी गराउनु भयो । मुख्यतया उहाँले पवित्र समाजको सहयोगमा काठमाडौंको बुढानिलकंठमा संचालन गरेको अनाथश्रम, कोभिडको समयमा राहत वितरण, म्यानमार तथा अन्य क्षेत्रबाट थाइल्याण्डमा आएर समस्यामा परेका नेपाली श्रमिकहरुलाई खाद्य वितरण, खेलकुदमा सहयोग, स्तन क्यान्सर सम्बन्धी कार्यक्रम, नेपालबाट आएका नेपाल सकारका प्रतिनिधि तथा संघसंस्थासंग भेटघाट, नेपाल पर्यटन प्रबर्धन, पहिचान नभएका नेपाली मूलका विदेशी नागरिकको परिचयपत्र प्रदान गर्न नेपाल सरकार संग पैरवी लगायत परोपकारी कार्यहरु संचालन गरिरहेको जानकारी गराउनु भयो ।

- **गोकर्ण ढकाल, अध्यक्ष, एनसिसि हङकंग**: उहाँले एनसिसि हङकंगले गरेका गतिविधिहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो । विभिन्न संचालन भएका गतिविधिहरु मध्ये मुख्यतया कोभिडको समयमा नेपालको कोभिड प्रभावित क्षेत्रमा मास्क, अक्सिजन कन्सन्ट्रेटर, अक्सिजन सिलिन्डर लगायत स्वास्थ्य सामाग्रीहरु वितरण गरेको बताउनु भयो । साथै उहाँले महिला तथा युवा कार्यक्रम, नेपाल पर्यटन प्रबर्धन लगायत समसामयिक विषयमा अन्तर क्रियाहरु संचालन गरेको बताउनु भयो ।

- **शिव पौडेल, अध्यक्ष, एनसिसि जापान**: उहाँले एनसिसि जापानले गरेका गतिविधिहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो । प्रस्तुतिकरणमा मुख्यतया कोभिडको समयमा नेपालका कोभिड प्रभावित क्षेत्रमा मास्क, अक्सिजन कन्सन्ट्रेटर, कोभिड टेष्टकिट लगायत स्वास्थ्य सामाग्रीहरु वितरण गरेको बताउनु भयो । साथै उहाँले नेपाल महोत्सव, आविष्कार केन्द्रलाई सहयोग, रक्तदान कार्यक्रम, खेलकुद प्रबर्द्धन, आत्महत्या सम्बन्धि जनचेतना कार्यक्रम, जापानमा अध्ययनरत नेपाली विद्यार्थीको लागि छात्रबृद्धि कार्यक्रम लगायत समसामयिक विषयमा जनचेतनामूलक गतिविधिहरु संचालन गरिरहेको बताउनु भयो ।

- **डा संजिव सापकोटा, संयोजक, स्वास्थ्य समिति**: उहाँले समितिले गरेका गतिविधिहरु र हाल सम्म आयोजना गरिएका ४ वटा विश्व स्वास्थ्य सम्मेलन गरेर स्वाथ्य क्षेत्रमा ठूलो उपलब्धि हासिल गरेको बताउनु भयो ।

- **होम पाण्डे, सचिव, गैरआवासीय नेपाली संघ**: उहाँले स्मार्ट एनआरएनएले हाल संचालन गरेका गतिविधिहरु, मुख्यतया स्मार्ट एनआरएनले एमआईएस प्रणालीबाट सदस्यता वितरण तथा व्यवस्थापन, सोही प्रणालीबाट मतदान गराउने सम्बन्धमा, सदस्यहरुले प्राप्त गर्ने **Benefit** लगायतका विषयमा जानकारि गराउनु भयो । यसरी नै स्मार्ट एनआरएनएका सहसंयोजक गोपेन्द्र भराई सदस्यहरुले कुन कुन कागजात अपलोड गर्नेका साथै यसको सुरक्षाको विषयमा बताउनु भयो ।

- **प्रदिप न्यौपाने, सचिव, एशिया प्रशान्त आइसिसि सदस्य चीन**: एनसिसि चीनको तर्फबाटे गरेका गतिविधिहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो । विभन्न संचालन भएका गतिविधिहरु मध्ये मुख्यतया कोभिडको समयमा नेपालका कोभिड प्रभावित क्षेत्रमा मास्क, अक्सिजन कन्सन्ट्रेटर, अक्सिजन सिलिन्डर लगायत स्वास्थ्य सामाग्रीहरु वितरण गरेको बताउनु भयो । साथै उहाँले महिला तथा युवा कार्यक्रम, नेपाल पर्यटन प्रवर्धन लगायत समसामयिक विषयमा अन्तरक्रियाहरु संचालन गरेको बताउनु भयो ।

- **ज्ञानेन्द्र आले, सचिव, एनसिसि युके**: उहाँले एनसिसि युकेले गरेका गतिविधिहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो । विभन्न संचालन भएका गतिविधिहरु मध्ये मुख्यतया कोभिडको समयमा नेपालका कोभिड प्रभावित क्षेत्रमा अक्सिजन कन्सन्ट्रेटर लगायतका स्वास्थ्य सामाग्रीहरु वितरण गरेको बताउनु भयो । साथै उहाँले पूर्वी तराईमा गएको बाढीबाट प्रभावित व्यक्तिहरुको लागि सहयोग, हालै रसिया युक्रेन युद्धबाट प्रभावित नेपालीहरुलाई सहयोग, नेपालमा संचालन गरेका परोपकारी परियोजना, नेपालको पर्यटन प्रबर्द्धन लगायतका विषयमा बताउनु भयो ।

- **पारसमणि पोखरेल, क्षेत्रिय संयोजक, एशिया प्रशान्त क्षेत्र**: उहाँले एशिया प्रशान्त क्षेत्रले संचालन गरेका गतिविधिहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो । मुख्यतया उहाँले एशिया प्रशान्तले आयोजना गरेको क्षेत्रिय भेलाबारे जानकारी गराउँदै त्यस भेलाको मूल शिर्षक मिलाप प्रभावकारी रहेको र मिलाप बारे आवश्यक कार्यहरु पनि भईरहेको जानकारी गराउनु भयो ।

- **रामचन्द्र पोखरेल, क्षेत्रिय संयोजक, अमेरिकाज क्षेत्रः** उहाँले अमेरिकाजमा रहेका एनसिसिहरुले संचालन गरेका गितिविधिहरुमा प्रस्तुती गर्नु भएको थियो । उहाँले अन्य एनसिसिको तुलनामा एनसिसि युएसए र क्यानाडले कोभिडको दौरान गरेका राहत तथा उद्धार एक एनसिसि एक परियोजना, नेपाल प्रबर्धन लगायतका विषयमा प्रकाश पार्नु भयो । उहाँले हाल युएसमा गैरकानुनी रुपमा गएका नेपालीले भोगेका समस्या तथा डिभि परेर जानेले पनि काम नपाएको र यसको लागि बजारीकरण र उनीहरुलाई सिपमूलक तालिमको आवश्यक्ता रहेको बताउनु भयो ।
- **गणेश केसी, उपमहासचिव, गैरआवासीय नेपाली संघः** उहाँलाई यस शत्रमा प्रस्तुत गरिएका गतिविधिहरुको समिक्षा गर्न दिएकोमा समापन शत्रका प्रमुख अतिथिको आगमन भएको हुदा सबैलाई धन्यवाद दिदै शत्रको समापन गर्नु भयो । कार्यक्रमको संचालन संघका सचिव गंगा धर गौतमले गर्ने भएको थियो । कार्यक्रममा उहाँले ३ महले संशोधित विधानका केही दफाहरुमा समापन कार्यक्रम पछि छलफल गरिने जानकारी समेत गराउनु भएको थियो ।

**समापन समारोहः**

**अध्यक्षताः**

रविना थापा, कार्यकारी अध्यक्ष, गैरआवासीय नेपाली संघ
डा बद्री केसी, अध्यक्ष, गैरआवासीय नेपाली संघ
कुल आचार्य, अध्यक्ष, गैरआवासीय नेपाली संघ

**अतिथि गणहरू :**

- **प्रमुख अतिथिः** पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष माननीय श्री केपी शर्मा ओली
- डा सुर्य पाठक, पूर्व सांसद तथा नेता, नेकपा एमाले
- उमेश जंग रायमाझी, नेता, नेपाली कांग्रेस
- डा उपेन्द्र महतो, संस्थापक अध्यक्ष, गैरआवासीय नेपाली संघ
- भवन भट्ट , पूर्व अध्यक्ष, गैरआवासीय नेपाली संघ
- भीम उदास, संस्थापक अन्तर्राष्ट्रिय संयोजक, गैरआवासीय नेपाली संघ

**कार्यक्रम संचालक : शिव बरूवाल : प्रवक्ता, गैरआवासीय नेपाली संघ**

गैरआवासीय नेपाली संघका उपाध्यक्ष श्री गोविन्द प्रसाद श्रेष्ठले समापन समारोहका सहभागीहरुको सम्माननमा स्वागत मन्तब्य दिनु भएको थियो । उहाँले नेपालमा लगानीको वातावरण सहज गरिदिनको लागि आग्रह गर्दै संघको निमन्त्रणालाई स्वीकार गरेर प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रति आभार प्रकट गर्नु भयो ।

संघका अध्यक्ष श्री कुल आचार्यले संविधानमा भए अनुसारको नागरिकता यथाशिघ्र उपलब्ध गराउनको लागि आग्रह गर्नु भयो । हाल लगानी ऐनमा देखिएका अप्ठ्यारा विषयहरुलाई संबोधन गरी गैरआवासीय नेपालीलाई नेपालमा लगानी गर्न सहज बतावरण बनाउन अनुरोध गर्नु भयो । साथै उहाँले ब्रिटिश गोर्खाले उठाएका मागलाई सम्बोधन गर्नको लागि पहल गरिदिन आग्रह गर्दै विदेशी तथा गैरआवासीय नेपाली मूलका विद्यार्थीहरुलाई नेपालमा अध्ययन गर्नको लागि समेत विद्यार्थी भिसा प्रदान गर्नको लागि माग गर्नु भयो । अन्त्यमा संघको निमन्त्रणालाई स्वीकार गरेर प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रति आभार प्रकट गर्नु भयो ।

संघका अध्यक्ष डा बद्री केसीले संघका अभियानमा भएका गतिविधिहरु बारे प्रकश पार्नु भएको थियो । उहाँले सन् १९८९ मा पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको भ्रमणबारे स्मरण गराउँदै त्यति बैला नै उहाँले विदेशमा रहेका नेपालीहरुको साझा संगठन खोल्न सुझाव दिएको बताउनु भयो । उहाँले गैरआवासीय नेपाली नागरिकताको ऐन छुट्टै ल्याएर गैरआवासीय नेपालीहरुलाई यथाशिघ्र नागरिकता दिनको लागि अनुरोध गर्नु भयो ।

उहाँले कागजी पहिचान नखुलेका नेपालीहरुलाई गैरआवासीय नेपाली परिचय पत्र उपलब्ध गराउनको लागि माग गर्दै हाल देखा परेको लगानी ऐनलाई सरलीकरण गरि गैरआवासीय नेपालीको लगानीलाई प्रबर्द्धन गर्नको लागि अनुरोध गर्नु भयो । त्यस्तै वैदेशिक रोजगारीमा देखिएका समस्यालाई सबोधन गर्न र सामाजिक सुरक्षा कोषलाई कार्यन्वयन गर्न अनुरोध गर्नु भयो । अन्त्यमा संघको निमन्त्रणालाई स्वीकार गरेर प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रति आभार प्रकट गर्नु भयो ।

संघका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले संघको अभियान बारे जानकारी गराउँदै पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सुरु देखि नै यस अभियान बारे जानकार रहेको बताउनु भयो । उहाँले गैरआवासीय नेपालीहरुले इमान्दारीका साथ देशलाई समृद्ध बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाउँदै यसको लागि आवश्यक सहज बतावारण बनाईदिन आग्रह गर्नु भयो ।

यस पछि संघका प्रवक्ता श्री सोम सापकोटाले गैरआवासीय नेपाली दिवस अन्तर्गत आयोजना गरिएको ग्लोबल कन्क्लेभका निष्कर्षहरु पढेर सुनाउनु भएको थियो ।

तत् पश्चात नेपाली कांग्रेका नेता श्री उमेश जंग रायमाझीले गैरआवासीय नेपालीहरुको योगदानले मुलुक संचालन गर्न ठूलो सहयोग पुगेको बताउनु भयो । स्वदेशमा युवाहरुलाई रोजगारी दिन नसकेकोमा दु:ख व्यक्त गर्दै भविष्यमा यस बारे नीति नियम निर्माण गरी स्वदेश मै युवाहरुलाई उद्यमशीलता तथा रोजगारीको वातावरण बनाउने बारेमा जोड दिनु भयो । यसरी नै गैरआवासीय नेपाल संघले उठाउँदै आएको गैरआवासीय नेपाली नागरिकता लगायत अन्य मुद्दाहरुमा आफ्नो पार्टीको समर्थन रहेको र यसलाई संबोधन गर्नेमा प्रतिबद्धता व्यक्त गर्नु भयो ।

पूर्वा सांसद एवं नेकपा एमालेका नेत डा सुर्य पाठकले नेपालका साथै विभिन्न मुलुकहरुमा अक्टोर ११ का दिन गैरआवासीय नेपाली दिवस मनाउँदै आएको बारे प्रकाश पार्नु भयो । उहाँले संघले २०७२ सालमा आएको महाभूकम्प, नाकावन्दी, कोभिड र बाढीपहिरोमा गैरआवासीय नेपालीले गरेको सहयोगको खुलेरै प्रशंसा गर्दै धन्यवाद प्रकट गर्नु भयो । उहाँले गैरआवासीय नेपालीहरुको नागरिकता सुरक्षित रहेको र चाडै नै त्यसलाई सहज ढंगबाट प्राप्त गर्न सक्नु हुनेछ भनेर विश्वास दिलाउनु भयो । साथै उहाँले विदेशमा रहेका नेपाली नागरिकहरुलाई समानुपातिक निर्वाचन प्रणाली मार्फत मताधिकारको व्यवस्था मिलाउन सकिने बताउनु भयो । साथै उहाँले कागजी पहिचान नभएका गैरआवासीय ने पालीहरुलाई परिचयपत्र प्रदान गर्ने सम्बन्धमा आवश्यक कार्यहरु भईरहेको साथै वैदेशिक रोजारमा गएका नेपाली श्रमिकहरुको सामाजिक सुरक्षाकोषको कार्यान्वयन बारे पनि जानकारी गराउनु भयो ।

यस कार्यक्रमका प्रमुख अतिथि पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गैरआवासीय नेपालीहरुले नेपालको समृद्धिमा गरेका कार्यहरु प्रति प्रशंसा गर्दै सबैलाई समेटेर साझा संस्थाका रुपमा संघलाई अगाडी बढाउन पर्ने धारणा राख्नु भयो । उहाँले समयको माग र आवश्यक्ता अनुसार जन्मिएको गैरआवासीय नेपाली संघ संग आफू सुरु देखीनै नजिक रहेको र आशा लाग्दो संस्थाको रुपमा स्थापना भएको संघ केही समय कता कता अल्मलिएको महशुस गरेको भन्दै बाटो नबिराउनको लागि सुझाव दिनु भयो । यसरी नै उहाँले संघले उठाएका मुद्दाहरु सान्दर्भिक भएको बताउँदै यसमा आफ्नो पार्टी सकारात्मक रहेको बताउँनु भयो । संघले उठाउँदै आएको गैरआवासीय नेपाली नागरिकतालाई संविधानले संबोधन गरिसकेको र यसको नयाँ सरकार बनेपछि कानुन बन्ने बारेमा विश्वास दिलाउनु भयो । उहाँले नेपाली सरह लगानीको अनुकूल वातावरण मिलाउन आफूहरु प्रतिबद्ध रहेको बताउँदै असल उद्देश्य र प्रयासमा आफु र आफ्नो पार्टीबाट सदैव साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

यस पश्चात प्रमुख अतिथिज्यूले गैरआवासीय दिवस कार्यक्रममा आर्थिक सहयोग गर्ने प्रायोजकहरुलाई टोकन अफ लभ प्रदान गर्नु भयो । प्रायोजकहरुको नाम एशिया प्रशान्तका क्षेत्रिय संयोजक श्री पारसमणी पोखरेलले पढेर सुनाउनु भएको थियो ।

समापन मन्तब्य संघका कार्यकारी अध्यक्ष रविना थापले दिदै नेपालीको लागि नेपाली भन्ने मुल मन्त्रका साथ नेपाललाई समृद्ध बनाउने महान अभियानका साथ सन् २००३ मा स्थापना भएको गैरआवासीय नेपाली संघले अक्टोवर ११ तारिखलाई गैरआवासीय नेपाली दिवसको रुपमा मनाउदै आएको  बताउनु भयो । विगत १८ वर्षमा नेपाल सरकार र गैरआवासीय नेपाली संघबीचको सहकार्यले मात्र यो अभियान सफल हुदै आएको र विदेशमा बस्ने नेपाली समुदायका समस्याहरुलाई नेपाल सरकार समक्ष ल्याउन संघले पुलको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनु भयो ।

उहाँले नेपालमा परेको प्राकृति विपत्ति होस् वा कोरोना जस्तो विश्वव्यापी महामारीमा समेत गैरआवासीय नेपाली संघले आपतविपतमा परेका नेपालीहरुलाई सहयोग गर्दै बताउँदै आगामी दिनमा देशमा पर्ने आपतविपतको बेला संघले नेपाल सरकारसंग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । गैरआवासीय नेपाली संघको सकृयतमा नेपालमा लगानीको कानुनी प्रकृया सहज गर्ने विषयमा पहल भईरहेको र साथै भविष्यमा विदेशमा नेपालीहरुले सिकेको ज्ञान र सिपलाई नेपालमा भित्राउने अभियानमा रुपमा संघले विज्ञ सम्मेलनको आयोजना गर्ने जानकारी गराउनु भयो ।

साथै उहाँले गैरआवासीय नेपाली संघले नेपालमा पर्यटन प्रर्वधन, वैदेशिक रोजगारीमा रहेकाहरुको लागि सामाजिक सुरक्षा कोष, नेपाली नागरिकताको निरन्तरता, पैतृक सम्पतीको सुरक्षा लगायतका कामलाई मूर्तरुप दिन सरकारसँग प्रभावकारी समन्वयका निम्ति गैरआवासीय नेपाली संघ र नेपाल सरकारबीच स्थायी संयन्त्र स्थापना गरी अघि बढ्ने प्रस्ताव समेत राख्नु भयो ।

अन्त्यमा, गैरआवासीय नेपाली संघको गत १० औं महाधिवेशनमा निर्वाचनमा देखिएको असमजदारीलाई अन्त्य गर्न एकताको अभियान सञ्चालन गर्ने र संस्थामा आत्मिय एकता कायम गर्ने पहिलो प्राथमिकता रहने विश्वास दिलाउनु भयो । साथै उहाँले संघको आन्तरिक निर्वाचन प्रणालीलाई आगामी दिनमा समेत बढी लोकतान्त्रिक र समावेशी बनाउनको लागि सकृय रहन गैरआवासीय नेपाली समुदायलाई आग्रह गर्नु भयो । अन्तमा, उहाँले आगामी मंसिर ४ गते संघिय तथा प्रदेशको निर्वाचनको पूर्ण सफलताको कामना गर्दै यसमा सहयोग गर्न समस्त गैरआवासीय नेपालीहरुलाई आग्रह गर्नु भयो ।

**आर्थिक प्रतिवेदन**: २०७८/०७९ DIRECT DOWNLOAD

**वार्षिक तथा सांगठनिक प्रतिवेदन**: DIRECT DOWNLOAD

# गैरआवासीय नेपाली दिवस २०२२ का निष्कर्षहरू

गैरआवासीय नेपाली दिवस एवं गैरआवासीय नेपाली संघको वार्षिक साधारण सभा यही १० अक्टोबरदेखि १२ अक्टोबरसम्म **"Building the Trust"** नाराका साथ सम्पन्न भएको छ । सम्मानानीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूको प्रमुख आतिथ्यतामा उद्घाटन भएको कार्यक्रम पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा समापन गरियो । कार्यक्रममा माननीय गृहमन्त्री बालकृष्ण खाँड लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु विषयगत विज्ञ, नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरू, नीजि तथा व्यवसायिक संघ-संस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मी लगायत ५० भन्दा बढी देशका प्रतिनिधिहरुको (भौतिक र भर्चुअल माध्यमबाट) सहभागी रह्यो ।

गैरआवासीय नेपाली संघको वार्षिक साधारणसभामा संघका कोषाध्यक्षबाट प्रस्तुत आर्थिक प्रतिवेदन, महासचिवबाट प्रस्तुत सांगठनिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो भने विधान संशोधन सुझाव समितिका विधान २०२१ को मस्यौदा उपर छलफल भयो । सम्बन्धित सरोकारका विषयवस्तुउपर विस्तृत छलफल गरी प्राप्त निष्कर्षहरु निम्नानुसार छन् ।

★ संविधानमा व्यवस्था भएको सात वर्ष भइसक्दा पनि आवश्यक कानून नबन्दा गैरआवासीय नेपालीले नागरिकताको उपभोग गर्न पाएका छैनन् । यसर्थ, सो व्यवस्था उपभोगका लागि आवश्यक कानून बनाई यथाशक्य छिटो गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनका लागि गैरआवासीय नेपाली संघ, नेपाल सरकार, राजनीतिक दल र सरोकारवाला सबैसँग आग्रह गर्दछ ।

★ स्वदेशमा गैरआवासीय नेपालीको लगानी अभिवृद्धि गर्न "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन" **(FITA)** तथा त्यस सम्बन्धि नियमावली तथा आदेशमा तत्काल संशोधन गर्नुपर्ने संघको ठहर छ । साथै, धितोपत्र ऐन तथा नियमावलीमा संशोधन गरी धितोपत्रको दोस्रो चरणमा गैरआवासीय नेपालीहरुलाई खुला गर्न कानुनी व्यवस्था मिलाउन संघ नेपाल सरकार तथा सरोकारवाला निकायसमक्ष अनुरोध गर्दछ ।

★ गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउन सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चनलाई संशोधन गर्नु आवश्यक ठानिएको छ । यसर्थ, लगानी भित्र्याउनुका साथै, स्वदेशमै रोजगारी सिर्जना, उद्यमशिलता तथा पूर्वाधार विकास र नेपालीहरूको जीवनस्तर उकास्न सहयोग हुने गरी समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीहरुको लगानी प्रोत्साहित गर्न संघ प्रतिबद्ध छ ।

★ विदेशमा बस्ने नेपाली नागरिकहरुलाई मताधिकारको व्यवस्था मिलाउन आवश्यक ऐन, कानून निर्माण गर्नुका साथै नेपाली नागरिकताबाहक गैरआवासीय नेपालीहरुले सम्बन्धित देशस्थित नेपाली कुटनीतिक नियोगहरुमार्फत मतदाता नामावलीमा नाम दर्ता गर्ने एवं राष्ट्रिय परिचय पत्र समेत बनाउन सक्ने व्यवस्था मिलाउनका लागि नेपाल सरकार, निर्वाचन आयोग लगायत सम्बद्ध निकायहरुलाई संघ हार्दिक आग्रह गर्दछ

★ गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न कठिनाई हुने मुलुकमा बसोबास गर्ने नेपालीलाई हाल प्रदान गर्दै आएको गैरआवासीय नेपाली परिचयपत्रलाई थप अधिकार सहित निरन्तरता दिनुका साथै थाईल्याण्ड, म्यानमार, मलेसिया, फिजी लगायतका देशहरुमा पुस्तौदेखि बसोबास गरी आएका नेपालीहरुलाई सहज रुपमा नेपालसँग जोड्न अधिकारसहितको परिचय पत्रका साथै नेपालमा अध्ययन भिसाको व्यवस्था गर्न अनुरोध गर्दछ ।

★ वैदेशिक रोजगारमा रहेका नेपालीको सुरक्षित भविष्यका लागि सामजिक सुरक्षा कोष र गैरआवासीय नेपाली संघबीच भएको सम्झौताअनुसार तत्काल आवश्यक संयन्त्र बनाई सामाजिक सुरक्षा कोषको तत्काल कार्यान्वयनका लागि संघ आग्रह गर्दछ ।

★ वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन दक्ष तथा तालिम प्राप्त जनशक्ति मात्र विदेश पठाउने, गन्तव्य मुलुकको परिवेशअनुसार सचेतानात्मक सूचना प्रवाह गर्ने तथा श्रम सम्झौता भएको मुलुकसँग नविकरण र नयाँ सम्भावित गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्न संघ अनुरोध गर्दछ । साथै, वैदेशिक रोजगारबाट फर्किएका नेपालीहरुको ज्ञान, सीप र प्रविधि नेपालको व्यवसायिक तथा आर्थिक विकासमा योगदान हुनेगरी पुन:एकीकरण कार्यक्रम नेपाल सरकारको सहकार्यमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

★ गैरआवासीय नेपाली एवं विभिन्न मुलुकमा कार्यरत नेपाली श्रमिकहरुले विदेशबाट पठाएको रेमिटयान्सलाई उपभोगमुखी भन्दा पनि उत्पादनमुखी क्षेत्रमा लगानीका लागि प्रोत्साहन गर्दै सामुहिक लगानीको योजनामार्फत राष्ट्र विकासको ठोस योजना यथाशक्य छिटो ल्याउन नेपाल सरकार समक्ष अनुरोध गर्दछ ।

★ गैरआवासीय नेपाली संघको अभियानमार्फत महिला तथा युवाहरुको सहभागिता सुनिश्चित गर्नुका साथै, दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरुलाई नेपाल र नेपाली भाषा, संस्कृति लगायतसँग जोड्ने किसिमका योजना निर्माण तथा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्दछ ।

★ बहुसंख्यक नेपालीहरुको उपस्थिति रहेका देशहरु पोर्चुगल, क्रोएशिया रोमानिया, माल्टा, इराक( कुर्दिस्तान) टर्की लगायत दक्षिण अमेरिकी तथा अफ्रिकी देशहरुमा रहेका गैरआवासीय नेपाली तथा नेपाली श्रमिकहरुको समस्या सम्बोधनका लागि पहल गर्न गन्तव्य मुलुकमा दूतावास तथा कन्सुलर सेवा स्थापना गराउन नेपाल सरकार समक्ष अनुरोध गर्दछ ।

अन्त्यमा, विश्वभर रहेका समस्त गैरआवासीय नेपालीहरुबीच आपसी विश्वास, समझदारी एकता र सद्भाव कायम राख्दै आफ्नो ज्ञान, सीप र पूँजीलाई मातृभूमिको समृद्धिमा लगानी गर्न आह्वान गर्दै गैरआवासीय नेपाली दिवसलाई सफल बनाउन सहयोग गर्नुहुने नेपाल सरकार, विभिन्न राजनीतिक दलका नेताज्यूहरु, प्रायोजकहरु, संघका अभियन्ता तथा अग्रजज्यूहरु, सञ्चारकर्मी लगायत सबै सरोकारवालाहरु प्रति संघ हार्दिक आभार प्रकट गर्दछ ।

१२ अक्टोबर २०२२
काठमाडौं नेपाल ।

# नागरिकता, मताधिकार, लगानी तथा वैदेशिक रोजगार सेमिनार २०२२का केहि झलकहरू


झण्डोतोलन कार्यक्रम ।



सबै हात, एकै साथ ।



एनसिसि युएसएको विज्ञान तथा प्रविधि विभागलेले आयोजना गरेको **Big Dream** प्रतियोगिताका विजेताहरू ।



लगानी सत्र ।



वैदेशिक रोजगार सत्र ।


पशुपति नाथ मन्दिरमा पुजाआजाः


सम्मानीय प्रधानमन्त्रीज्यूले कार्यक्रमको उदघाटन गनुहुदै ।



कार्यक्रममा माननीय गृहमन्त्री बालकृष्ण खाँड ।



पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा समापन कार्यक्रम ।